# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

बाल बालिकाविना समाजको निरन्तरता हुन सक्दैन । बाल बालिका समाजका संवेदनशील र अभिन्न अङ्ग हुन् । तर, अझै पनि बाल बालिकालाई नागरिकका रूपमा नहेरी घर, परिवार, समाजका दयामायाका पात्रका रूपमा हेरिने गरिएको छ । वयस्कहरूले धेरै कुराहरू परिवर्तन गर्न, झेल्न र सामना गर्न सक्छन् तर बाल बालिकाको निम्ति भोलि भनेर पर्खनु र पर्खाउनाले बाल विकासमा कुनै न कुनै असर पुऱ्याइरहेको हुन्छ । बाल बालिकामा हुने शारीरिक र मानसिक विकासलाई कुनै पनि कारणले अवरोध गर्नु हुँदैन । बाल्यकालमा परेको असरले तत्काल मात्र होइन जीवनपर्यन्त प्रभाव गरिरहन्छ ।

नेपालको सन्दर्भमा व्यवहारवादी मनोविज्ञानकै पुरातन मान्यतालाई स्वीकार गरिरहेको अवस्था छ । बाल बालिकाहरूलाई काँचो माटो र शिक्षकलाई कुमालेको संज्ञा दिँदै बाल बालिकाहरू खाली कागज हुन्, जसलाई आकार दिन सकिन्छ भन्ने मान्यता रहि रहेको छ । शिक्षकले काँचो माटो रूपी विद्यार्थीलाई आकार दिन्छ भन्दैमा उनीहरूका प्रतिभालाई कुण्ठित गरिएको छ । गरेर सिक्ने बाल बालिकाको स्वभावलाई निरुत्साहित गरिएको छ ।

शिक्षा मानिसका लागि अपरिहार्य तत्त्व मानिए पनि बाल बालिकाको इच्छा, चाहना र रूचिअनुसारको शिक्षा ग्रहण गर्ने वातावरण निर्माणमा उनीहरूलाई पनि समावेश गर्न आवश्यक हुन्छ । यसका लागि घर, विद्‌यालय, समाजबाट उनीहरूको प्रतिभा पहिचान गरी सहजीकरण गर्न आवश्यक छ । समुदायले बाल बालिकाका लागि सामुदयिक बाल क्लब गठन गरी उनीहरूका हक अधिकार सुनिश्चित गर्न सकिन्छ । त्यसै गरी विद्‌यालयमा बाल क्लब गठन गरी चौतर्फी विकास र बाल सहभागितालाई प्राथमिकता प्रदान गर्न सकिन्छ ।

विगतको गुरुकुल शिक्षा प्रणालीमा बाल बालिकालाई घोकन्ते र आज्ञा पालक कर्ताको रूपमा लिइन्थ्यो । बाल बालिका एकोहोरो शिक्षा प्रणालीमा आफ्ना इच्छा र चाहना विपरीत शिक्षा आर्जन गर्न बाध्य थिए । घरदेखि विद्यालय कतै पनि बाल बालिकाहरूको आवाज

सम्बोधन गरिँदैनथ्यो । मातापिताको सेवा र गुरुजनको सेवामा समर्पित हुनु नै प्रथम कर्तव्य मानी आफ्ना चाहना र रुचि दबाउन बाल बालिका बाध्य थिए । यस्तो विगतबाट गुज्रिएका हामी विद्यालयमा बाल बालिकाको सहभागिता सोच्ने स्थिति नै थिएन ।

बाल अधिकार स्रोत पुस्तिका (२०६८) ले उल्लेख गरेअनुसार सन् १९२३ मा सेभ द चिल्ड्रेन अन्तर्राष्ट्रिय युनियनले बाल अधिकार घोषणा पत्र जारी गऱ्यो, जसलाई जेनेभा घोषणा भनिन्छ । सन् १९२४ मा राष्ट्रसङ्घको पाँचौं महासभाको उक्त जेनेभा घोषणा पत्रलाई अनुमोदन गर्न सबै सदस्य राष्ट्रलाई आह्वान गर्दै सो पारित गरेको, सन् १९४८ मा नव स्थापित संयुक्त राष्ट्रसङ्घले मानव अधिकार सम्बन्धी विश्व घोषणा पत्र जारी गऱ्यो, जसमा बाल अधिकार सम्बन्धी अवधारणा पनि समावेश गरेको, सन् १९५९ नोभेम्बर २० तारिखका दिन संयुक्त राष्ट्रसङ्घको महासभाले विशेषरूपमा बाल अधिकार सम्बन्धी १० बुँदे विश्व घोषणा पत्र जारी गऱ्यो ।

सन् १९७९ लाई संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय बाल वर्ष घोषणा गरी बाल अधिकार सम्बन्धी महासन्धिबारे पोल्यान्डले गरेको प्रस्तावलाई अध्ययन र समीक्षा गरी अन्तिम मस्यौदा पत्र तयार गर्न एक कार्यदल गठन गऱ्यो । सन् १९८३ मा महासन्धिको अन्तिम मस्यौदामा महत्त्वपूर्ण योगदान प्रदान गर्न संयुक्त राष्ट्र कार्यदललाई सहायता गर्ने उद्देश्यले विभिन्न गैर सरकारी संस्थाहरूको “गैर सरकारी” संस्था तदर्थ समिति गठनभयो। सन् १९८९ मा कार्यदलले आफ्नो अन्तिम मस्यौदा पत्र संयुक्त राष्ट्र मानव अधिकार आयोगलाई प्रस्तुत गऱ्यो । नोभेम्बर २० का दिन बाल अधिकार घोषणा पत्रको ३० औं वार्षिकोत्सवको सन्दर्भमा महासभाले बाल अधिकार सम्बन्धी महासन्धिलाई पारित गऱ्यो । सन् १९९० सेप्टेम्बर २ का दिन महासन्धि लागू भयो । ३० सेप्टेम्बरमा भएको बाल बालिकाका लागि विश्व सम्मेलनले ९० को दशकका लागि बाल बचावट, संरक्षण र विकास सम्बन्धी कार्य योजना बनायो । १४ सेप्टेम्बरमा नेपालले उक्त महासन्धि अनुमोदन गऱ्यो । सन् १९९९, जुन १७ मा बाल अधिकार सम्बन्धी महासन्धिमा उल्लिखित बाल अधिकारलाई समर्थन जनाउँदै अन्तर्राष्ट्रिय श्रम सङ्गठनले निकृष्ट अवस्थाको बालश्रम सम्बन्धी महासन्धि नं १८२ लाई पारित गऱ्यो । जसलाई नेपालले नोभेम्बर २००० मा समर्थन गरी जनवरी २००२ मा विधिवत अनुमोदन गऱ्यो (ऐ) ।

सन् २००० मा महासन्धिलाई विश्वको सबै राष्ट्रहरूद्वारा अनुमोदन गराइ विश्व इतिहासको पहिलो कीर्तिमान स्थापित गर्ने प्रयास भयो। महासन्धिअन्तर्गतका सशस्त्र सङ्घर्षमा बाल बालिकाको संलग्नता सम्बन्धी तथा बाल बालिकाको बेचबिखन, बाल देह व्यापार र बाल बालिकाको अश्लील चित्रण सम्बन्धी दुई वटा ऐच्छिक सन्धि पत्रहरू पारित गरियो। जसलाई नेपालले पनि अनुमोदन गरिसकेको छ। सहस्राब्दी विकास लक्ष्यमा बाल बालिका सम्बन्धी विषयले प्राथमिकता पायो।

सन् २००२ मे ८ देखि १० सम्म बाल बालिका सम्बन्धी संयुक्त राष्ट्रसङ्घ विशेष साधारण सभा UNGASS अमेरिकामा सम्पन्न भयो। आगामी दशकका लागि विश्वव्यापी नयाँ प्रतिबद्धताहरू जाहेर गरियो। बाल बालिकाका लागि विश्व अभियानलाई निरन्तरता दिँदै बाल बालिकाको निम्ति उपयुक्त विश्व निर्माण गर्न आह्वान गरियो। महासन्धिका दुवै ऐच्छिक सन्धिपत्रहरू यसै वर्षबाट कार्यान्वयन गरियो

सन् २००५ मा सशस्त्र द्वन्द्वमा बाल बालिकाको प्रयोगका सम्बन्धमा अनुगमन गर्न संयुक्त राष्ट्रसङ्घको महासन्धि अन्तर्गत एक संयन्त्र निर्माण गर्ने बारेमा सुरक्षा परिषद्को घोषणा जारी भयो। सन् २००७ मा सशस्त्र फौज वा समूहमा गैर सरकारी भर्ना वा प्रयोगबाट बाल बालिकाको संरक्षण सम्बन्धी पेरिस प्रतिबद्धता तथा सिद्धान्तहरू पनि पारित भए। सन् २००९ तथा २०११ मा सशस्त्र द्वन्द्व र बाल बालिका सम्बन्धमा थप कुराहरूसहित सुरक्षा परिषद्को घोषणा नं १८८२ र १९९८ जारी भए (ऐ)।

बाल विकासविना समाजको विकास सम्भव छैन। बाल बालिकाको उचित विकासका लागि बाल अधिकारको संरक्षण, संवर्धन गर्नुपर्ने आवश्यकतालाई महसुस गर्दै सन् १९८९ ( वि.सं.२०४६) मा राष्टसंघको महासभाबाट बाल अधिकार सम्बन्धी महासन्धि पारित गरियो। उक्त महासन्धिले बाल बालिकाको बाँच्न पाउने, संरक्षण पाउने, विकास गर्न पाउने र सहभागी हुन पाउने अधिकारहरूका बारेमा व्याख्या गरेको छ। जसमा विश्वका १९३ राष्ट्रहरूले बाल विकास सम्बन्धी महासन्धिलाई अनुमोदन गरि सकेका छन्। नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको छ। (सिविन) मानव अधिकारवादी तथा बाल बालिकाका हक अधिकारका क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्था प्लानले सन् १९३७ (वि.सं. १९९४) मा विश्वका ४९ वटा देशका बाल बालिकालाई सहयोग पुग्ने गरी

शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, आय आर्जन वृद्धि र अन्तर सांस्कृतिक सञ्चारका कार्य गर्दै आएको पाइन्छ (दाहाल २०१४ : १५)।

नेपालमा वि.सं. २०४६ सालमा लमजुङ जिल्लामा child to child activity सामुदयिक विकास योजनाबाट बाल क्लबको स्थापना भएको पाइन्छ। त्यसैगरी पाल्पा, तनहुँ र उदयपुर जिल्लामा नर्वेद्वारा सञ्चालित गैर सरकारी संस्थद्वारा बाल क्लबको विस्तारमा जोड दिएको थियो। गैर सरकारी अन्तर्राष्ट्रिय संस्था प्लानले वि.सं. २०४८ सालमा प्रत्येक विद्यालय र गाउँमा अनिवार्य बाल क्लबको अवधारणा अगाडि सारेको पाइन्छ। जसले प्रत्यक्ष बाल बालिकाहरूकै सहभागिता हुनु पर्दछ भन्ने मान्यतालाई प्राथमिकता दिएको थियो। वि.सं. २०५४ मा Informal Sector Service Center (INSEC) ले ४१ वटा जिल्लाका सरकारी विद्यालयमा बाल बालिकाहरूको अधिकार सचेतना समूह स्थापना गरेको पाइन्छ (दाहाल २०१४ : २०)।

यसरी ९० को दशकसम्म नेपालमा विद्यालय स्तरमा बाल क्लबको सहभागिता समुदायभन्दा कम रहेको पाइन्छ। त्यति बेलासम्म नेपाल सरकारले बाल बालिकाहरूको अधिकार संरक्षणका लागि निम्नानुसारका ऐन, नियम र निर्देशिका निर्माण गरि सकेको थियो।

क) गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि २०६७

ख) बाल अधिकार सम्बन्धी ऐन २०४८

ग) बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८

घ) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८

ङ) बाल बालिका सम्बन्धी राष्ट्रिय नीति २०६९

च) बाल अधिकार संरक्षण तथा प्रवर्धन कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५

छ) बालश्रम निषेध र नियमन गर्ने नियमावली २०६२

ज) बाल न्याय कार्यविधि नियमावली २०६३ (हुर्फ नेपाल)

नेपाल सरकारको ऐन, नियम र निर्देशिका प्रकाशित भएपछि बाल बालिकाको अधिकार संरक्षण र बाल सहभागितामा जोड दिन थालेको पाइन्छ। परिणामस्वरूप वि.सं. २०५०

बाट बालमैत्री वातावरण निर्माण, बाल बालिकाको नैसर्गिक अधिकारको संरक्षण र बाल सिकाइलाई अभिवृद्धि गर्ने उद्देश्यले विद्यालयमा बाल क्लबको सहभागिता गराएको पाइन्छ। यसले लैङ्गिक विभेद अन्त्य, व्यक्तित्व विकास, नेतृत्व क्षमता विकास, सामाजिकीकरण जस्ता सवालमा बाल बालिकाहरूलाई सक्रिय गराउँदै आएको छ । त्यसैगरी विभिन्न दातृ राष्ट्रद्वारा सञ्चालित एनजिओ/आइएनजिओ UNCRC, ECCA, HURF, PLAN, UNISEF, CWIN आदिले नेपालका विद्यालय र समुदायमा बाल क्लब गठन गरी बाल सहभागितालाई महत्त्वपूर्ण योगदान गर्दै आएका छन् ।

वि.सं. २०६४ मा बाल अधिकार सम्बन्धी काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थाले विद्यालय र समुदायमा बाल क्लब गठनलाई अनिवार्य गराइनु पर्ने पक्षमा जोड दिए । बालमैत्री सुशासन र गुणस्तरीय शिक्षाका लागि शिक्षा मन्त्रालयले वि.सं. २०६७ बाट विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घमा बाल बालिकाको प्रतिनिधि अनिवार्य सहभागिता गराउनु पर्ने, स्थानीय निकायहरूको निर्णयमा पनि बाल बालिकाको सहभागिता गराइनु पर्ने पक्षमा जोड दिँदै विद्यालयमा अनिवार्य बाल क्लब गठन हुनुपर्ने मान्यता अगाडि सारेको छ (दाहाल, २०१४) ।

झापा जिल्लाको सन्दर्भमा बालमैत्री जिल्ला निर्माणका लागि जिल्ला बाल कल्याण समितिले विभिन्न समिति र उप समिति निर्माण गरी त्रिवर्षीय रणनीतिक योजना २०७०/७१–०७२/७३ नै बनाएको छ । यस्तो अवस्थामा विद्यालयमा बाल क्लबको सहभागिता के, कसरी अगाडि बढि रहेको छ तथा विद्यालयमा बाल क्लबको सहभागिता कस्तो रहेको छ भन्ने पत्ता लगाउन अनुसन्धानात्मक कार्य गरिएको छ ।

## १.२ समस्याको कथन

बाल बालिकामा किन लगानी गर्ने भन्ने सम्बन्धमा सन् २००२ मा संयुक्त राष्ट्रसंघको विशेष सत्रमा सुश्री ग्याब्रेली बोलिभियाले भनिन्, “हामी समस्याका स्रोतहरू होइनौं, हामी समस्या समाधानका लागि चाहिने स्रोत हौं । हामी खर्च होइनौं, हामी लगानी हौं ।” (दाहाल २०१४ : ३५) ।

प्रस्तुत सवालमा सहमत हुँदै गुणस्तरीय सिकाइका लागि बाल बालिकाको आत्म विश्वास, आत्म गौरव बढाउनका लागि आन्तरिक प्रतिभा प्रस्फुटन गर्न र अभिवृद्धिका लागि

विद्यालयमा बाल क्लबको सहभागिता अनिवार्य हुन्छ । नेपाल सरकारले बाल अधिकार सुनिश्चितका लागि खुला वातावरणको नीतिगत थालनी गरे पनि कार्यान्वयन पक्ष प्रभावकारी छैन । बाल बालिकाहरूको माग र आवश्यकता उनीहरूकै समूह र आवाजबाट उठाउन विद्यालयमा बाल क्लबको सहभागिता हुन जरुरी देखिन्छ । त्यसैगरी आफ्नो प्रतिभा प्रस्फुटन गर्न, बाल हिंसा अन्त्य गर्न, अतिरिक्त क्रियाकलापमा उल्लेखनीय सहभागिता जनाउन, सक्षमता प्रदर्शन गर्दै आत्म विश्वास बढाउन, लैङ्गिक समानताका कायम गर्न, बाल आवाजको सुनुवाइका लागि, विद्यालय व्यवस्थापन समिति र अभिभावक संघ तथा विद्यालय प्रशासनसँग जोडिएका सरोकारमा आफ्नो उपस्थिति जनाउन बाल क्लब आवश्यक हुन्छ । तर सामुदयिक विद्यालयमा बाल क्लबको सहभागिता उल्लेखनीय रूपमा भएको पाइँदैन । जसले गर्दा धेरै बाल बालिकाहरूमा नेतृत्व गर्ने गुण विकास हुनसकेको छैन ।

सामुदायिक विद्यालयहरूमा बाल क्लबको सहभागिताका अनिवार्य गर्नुपर्ने भन्ने विषय उठान गरिएको भए पनि शिक्षकहरूको कार्यबोझ, आर्थिक समस्या, विद्यालय प्रशासनको अदूरदर्शिता, बाल बालिकाहरूलाई हेर्ने दृष्टिकोणमा पुरातन सोच, स्थानीय निकाय जिविस, गाविस, नगर पालिकाको लापरबाहीले ध्यान पुग्न सकेको छैन । यति भएर पनि बाल बालिकको हित र उन्नतिका लागि केही विद्यालयमा विभिन्न एनजिओहरूको पहलमा बाल क्लब गठन भएको अवस्था छ । सामुदायिक विद्यालयमा बाल क्लबको सहभागिताको अवस्था, बाल क्लबको सहभागिताले बाल बालिकामा पारेको प्रभाव, बाल क्लब गठन र सञ्चालनका प्रक्रिया तथा बालमैत्री वातावरण निर्माणले बाल क्लबमा खेलेको भूमिका अध्ययन गरी त्यसका समस्या समाधानका लागि यो शोध कार्य गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

बाल बालिकाहरूले आफ्नो विचार राख्न पाउने, रुचिअनुसारको कार्यमा सहभागिता जनाउन पाउने, विना हस्ताक्षेप हुर्कन र पढ्न पाउने जन्मसिद्ध अधिकार हो । यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले प्रत्याभूत गरेको छ । नेपालको कानुनअनुसार १६ वर्ष उमेरमुनिका र अन्तर्राष्ट्रिय कानुनअनुसार १८ वर्ष उमेरमुनिका सबैलाई बाल बालिका भनी परिभाषित गरिएको छ । उनीहरूका अधिकारलाई बाल बचावट, संरक्षण, विकास र सहभागिता गरी चार पक्षमा सङ्गठित गरिएको छ (सिविन नेपाल : ९) । यिनै चार पक्षलाई सहजीकरण गर्दै

बाल बालिकाहरूको सर्वाङ्गीण विकासका लागि विद्यालयमा बाल क्लबको सहभागिता हुनु अनिवार्य भएको छ ।

नेपाल सरकारको राष्ट्रिय रणनीतिअनुसार स्थानीय निकाय, जिशिका, स्रोतकेन्द्रबाट पनि सम्पूर्ण विद्यालयमा बाल क्लब गठन गर्नुपर्ने र विद्यालयका गतिविधिमा उनीहरूको संलग्नतालाई प्राथमिकता दिनुपर्ने जोड दिइएको छ। आजको लगानी बाल बालिकाको हितमा ल्याउनका लागि विद्यालयमा बाल क्लबको सहभागिता अनिवार्य रहेको छ । जिल्ला बाल कल्याण समितिले प्रकाशन गरेको झापा जिल्लामा बाल बालिकाको स्थिति २०६८ अनुसार जम्मा २८ वटा विद्यालयका बाल क्लब दर्ता भएको पाइन्छ । विद्यालयमा बाल क्बलको सहभागिता शीर्षकमा गरिएको यो अध्ययनले विद्यालय प्रशासक, शिक्षक, बाल क्लबका संरक्षक शिक्षक र बाल क्लबका विद्यार्थीहरूलाई बाल क्लब प्रभावकारी तरिकाले सञ्चालन गर्न र सञ्चालनका क्रममा आउने समस्या समाधान गर्न सहयोग पुग्ने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ । त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभागअन्तर्गत एम्.एड्. द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्न शिक्षासँग सम्बन्धित विषय र मुद्दामा अनुसन्धान गर्नुपर्ने भएकाले यो शोध गरिएको हो । उक्त कार्यका लागि गरिएको भए पनि झापा जिल्लामा १७ वटा स्रोतकेन्द्रमध्ये नमुना छनोट गरी २ वटा स्रोतकेन्द्रका ६ वटा विद्यालयमा बाल अधिकारका चार वटा पक्षहरू बाल बचावट, संरक्षण, विकास र सहभागिताको अवस्था पहिचान गर्न यो अनुसन्धान गरिएको हो ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्य निम्नानुसार छन् :

१.४.१ बाल क्लबको गठन प्रक्रिया र आबद्धताको अवस्था पहिचान गर्नु,

१.४.२ बाल क्लबको सहभागितामा भएका रचनात्मक कार्यहरू खोजी गर्नु,

१.४.३ बाल क्लबले विद्यालय सञ्चालनमा पारेको प्रभाव पत्ता लगाउनु, र

१.४.४ बालमैत्री वातावरण तथा विद्यार्थीको शैक्षिक उन्नयनमा बाल क्लबलाई सुझाव प्रदान गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

१.५.१ बाल क्लबको गठन प्रक्रिया कस्तो हुन्छ ?

१.५.२ बाल क्लब गठन प्रक्रियामा समावेशिता छ कि छैन ?

१.५.३ बाल क्लबले गरेका रचनात्मक कार्यहरू के के हुन् ?

१.५.४ बाल क्लबले विद्यालय सुशासनका लागि गरेका कार्यहरू के के हुन् ?

१.५.५ बाल क्लब र विद्यालय प्रशासनबिचको सम्बन्ध कस्तो छ ?

१.५.६ बाल क्लब र विद्यालय व्यवस्थापन समितिको सम्बन्ध कस्तो छ ?

१.५.७ विद्यालयको भौतिक व्यवस्थापनमा बाल क्लबको सहयोग छ कि छैन ?

१.५.८ विद्यार्थीहरूको व्यक्तित्व विकासमा बाल क्लबले कस्तो सहयोग गरेको छ ?

१.५.९ बाल क्लबमा आबद्ध विद्यार्थीहरूको शैक्षिक अवस्था कस्तो छ ?

१.५.१० बाल क्लबले शैक्षिक उन्नयनका लागि के कस्ता प्रयासहरू गरेको छ ?

## १.६ अध्ययनको परिसीमा

विद्यालयमा बाल क्लबको भूमिका महत्त्वपूर्ण रहेको र शैक्षिक वातावरण निर्माणमा बाल क्लबले खेलेको भूमिकाका कारण सामुदायिक विद्यालयमा बाल क्लब एउटा अङ्ग बनिसकेको छ। यस अध्ययनमा झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रमध्ये काँकरभिट्टा स्रोतकेन्द्रका २३ र बाहुनडाँगी स्रोतकेन्द्रका २६ वटा विद्यालयमध्ये गोलाप्रथाबाट काँकरभिट्टाका ३ र बाहुनडाँगीका ३ गरी ६ वटा विद्यालहरू छनोट गरिएको छ। उक्त ६ वटा विद्यालयका प्रअ, विव्यस अध्यक्ष, बाल क्लबका अध्यक्ष, संरक्षक शिक्षक, अभिभावक र विद्यार्थीहरू तथा बाल अधिकार संरक्षणकर्ता तथा जिल्ला अदालतका बाल मनोविज्ञलाई नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ। २०७२ सालमा बाल क्लबले गरेका कार्यहरूलाई तथ्याङ्कको रूपमा लिइएको छ। त्यसैले यो अध्ययन उक्त क्षेत्रमा रहेका बाल क्लबको अध्ययनमा मात्र सीमित रहेको छ। तथ्याङ्क सङ्कलनका साधनहरू पूर्व परीक्षण गरी प्रमाणीकरण गरिएको छैन ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन तथा अनुसन्धान कार्यलाई विश्वसनीय र व्यावहारिक बनाउन सम्बन्धित विषयमा गहन अध्ययन आवश्यक हुन्छ। बाल क्लबका बारेमा विभिन्न समयमा विभिन्न प्रयोजनले समस्यामा केन्द्रित भएर अध्ययनहरू भएका छन्। त्यस्ता अध्ययनहरूको काल क्रमिक वर्णन गरिएको छ।

अन्य सङ्घसंस्थाहरू झैँ विद्यालयमा बाल क्लब पनि विविध जातजाति, भाषा, धर्म, संस्कृति, आर्थिक परिवेशाट आएका ज्ञानका विविधता बोकेका बाल बालिकाहरू आफ्नो घर झैँ विद्यालय र बाल क्लबमा प्रजातन्त्रिक पद्धतिबाट सक्रिय सहभागिता जनाउँदै जीवन्त सिकाइ र सामाजिकीकरण बन्न प्रेरित गर्ने स्थल हो।

बाल क्लबको सहभागितामा विद्यालयभित्र रहेर बाल बालिकाहरूले आफ्नो समाजका मूल्य मान्यता, विश्वास र संस्कृतिका बारेमा ज्ञान ग्रहण गर्ने अवसर प्राप्त गर्दछन्। त्यसैगरी समाज अनुकुल आफूलाई समायोजन गर्नका लागि आवश्यक आधारभूत ज्ञान प्राप्त गर्दछन् (Haralambos and Holborn, 2005) .

बाल अधिकारको संरक्षण प्रवर्धन कार्यमा विद्यालय र शिक्षकको भूमिक अति महत्त्वपूर्ण हुन्छ। सामान्यतया शिक्षकलाई सिङ्गो समुदायले जाने बुझेको मानिस र बाल बालिकालाई सही मार्गदर्शन गर्न सक्ने मानिसमा रूपमा स्वीकार गरेको पाइन्छ। बाल बालिकाको स्वभाव विकासमा र जीवनको सिकाइमा शिक्षकको भूमिकाले महत्त्वपूर्ण प्रभाव पार्दछ। बाल बालिकाले शिक्षकको सिको गर्दछन्, अभिभावकले भन्दा शिक्षकले भनेको कुरालाई सही मान्छन्। त्यसैले शिक्षकको भूमिका बाल अधिकार सम्मत र बालमैत्री हुनु आवश्यक छ। त्यसैले विद्यालयलाई बालमैत्री बनाइनु पर्छ भनेर नेपाल सरकारले २०६७ सालमा बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप जारी गरिसकेको छ (केन्द्रीय बाल कल्याण समिति, २०६७ : ११)।

यातना पीडित सरोकार केन्द्र (सन् २००४) ले नेपाली बाल विकासबारे छोटो जानकारी शीर्षकको लेख प्रकाशन गरेको छ। उक्त लेखले नेपाली समाजमा व्रतबन्धले बालक र

वयस्कबिचको भिन्नता ल्याएको, ग्रीमण क्षेत्रमा पारम्परिक धार्मिक रीतिरिवाज, सांस्कृतिक परिवेश र सामाजिक वातावरणमा बाल विकास हुने तथा बाल बालिकाको सामाजिकीकरणमा जातीय संरचनाले भूमिका खेल्ने उल्लेख छ (यातना पीडित सरोकार केन्द्र, सेभ द चिल्ड्रेन नर्वे, सन् २००४ : ५१) ।

सिविन नेपालले प्रकाशन गरेको हाम्रो अधिकार हाम्रो जिम्मेवारी/बाल अधिकार सम्बन्धी सरल तथा सचित्र पुस्तिकाअनुसार बाल बालिका राष्ट्रका भविष्य हुन् । तसर्थ बाल बालिकालाई भोलि नभनी उनीहरूलाई आजैबाट संरक्षण र विकास गर्न जरुरी छ । राष्ट्र विकासका निम्ति आज बाल अधिकार एउटा महत्त्वपूर्ण विषयका रूपमा उठिरहेको छ । बाल अधिकारको संरक्षणका लागि थुप्रै प्रयासहरू भइरहेका छन् । समाज विकासका लागि बाल बालिकाहरूको भूमिका पनि महत्त्वपूर्ण हुने कुरा बाल अधिकार महासन्धिले पनि पारित गरेको छ ।

बाल क्लबको माध्यमद्वारा बाल बालिकाहरूले समान अवसरको आधारमा परम्परागत गलत मूल्य मान्यतालाई तर्कपूर्ण र अर्थपूर्ण तवरले नयाँ समाज निर्माणका लागि आत्म निर्भर भएर अगाडि बढ्न अवसर प्राप्त हुने निष्कर्ष विभिन्न संघसंस्थाले निकालेका छन् ।

दाहाल (सन् २०१४) ले बाल क्लबको सहभागिता भएका विद्यालयमा विद्यार्थीहरूलाई विभेद नगरी छात्र र छात्रालाई एउटै समूहमा राखेर उनीहरूकै इच्छा र आकाङ्क्षा अनुरूपको काम गर्ने वातावरण सिर्जना भएको र विद्यार्थीहरू सम्मानजनक रूपमा शिक्षक र अग्रज सामु आफूलाई स्थापित गर्न चाहन्छन् भन्दै विद्यालयमा बाल क्लबको सहभागिता हुनु भनेको बाल बालिका, शिक्षक, विद्यालय र समाजबिचको पुल हो भने बाल बालिका र अभिभावकबिचको सूचनाको संवाहक भएको निष्कर्ष निकालेका छन् ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

उपर्युक्त विश्लेषणबाट पढ्न लेख्न पाउनु मात्र बाल अधिकार होइन उनीहरूको चौतर्फी विकासका लागि विद्यालय वातावरणमा बाल क्लबको सहभागिता गराइ उनीहरूको प्रतिभा पहिचान गरी मार्ग निर्देशन गर्न सकेको खण्डमा मात्र बाल बालिकाको सम्पूर्ण पक्ष प्रस्फुटित हुने अवसर प्राप्त हुने छ ।


विद्यालयमा बाल क्लबको सहभागितालाई लिएर त्यति धेरै अध्ययन अनुसन्धान नभए पनि बाल अधिकार, लिङ्गीय विभेद, बालमैत्री सुशासन जस्ता विषयमा विभिन्न सरोकारवाला निकायले अध्ययन अनुसन्धान र सहजीकरण गरेको पाइन्छ ।

दाहाल (सन् २०१४) का अनुसार बाल क्लब भनेको विद्यालयमा संस्थागतरूपमा स्थापित मान्यता प्राप्त बाल बालिकाहरूको सङ्गठन हो, जहाँ उनीहरू घर तथा विद्यालयभित्र रहेका समस्याहरू समाधान गर्ने तथा नेतृत्वदायी क्षमताको विकास गर्छन् ।

हरेक जातजाति र समुदायबाट आएका बाल बालिकाहरूको समूहगत स्वरूप विद्यालयको बाल क्लब हो । जसले उनीहरूकै सहभागितामा बाल अधिकार सम्बन्धी विभिन्न निर्णयहरू गर्ने र निर्णयको सुनुवाइका लागि विद्यालयका विभिन्न समितिमा बाल क्लबलाई समावेश गर्नुपर्ने मान्यता नेपाल सरकारले राखेको छ । यस पृष्ठभूमिमा विद्यालयमा बाल क्लबको सहभागिताले उनीहरूको हक अधिकार सुनिश्चित गर्ने अवसर प्राप्त गर्दछ । यसबाट शैक्षिक गुणस्तर सुदृढ भई समयानुकुल समाज बदल्न बाल क्लबले महत्त्वपूर्ण भूमिका खेल्छ ।

संयुक्त राष्ट्र सङ्घको बाल अधिकार महासन्धिले निर्दिष्ट गरेबमोजिम बाल बालिकासम्बन्धी निम्नानुसारको सैद्धान्तिक खाका प्रस्तुत गरेको पाइन्छ ।


अध्ययनको सैद्धान्तिक खाका यस प्रकार रहेको छ :




स्रोत : संयुक्त राष्ट्रसङ्घको बाल अधिकार सम्बन्धी महासन्धि ।

संयुक्त राष्ट्रसङ्को महासन्धिले विश्वभरका बाल बालिकाहरूको संरक्षणका लागि विश्व सम्मेलन गरी द्वन्द्व पीडित, हिंसा, विभेदीकरण जस्ता विषयहरूमा बाल बचावट गर्नका लागि उक्त सैद्धान्तिक खाका प्रस्तुत गरेको पाइन्छ। तसर्थ प्रस्तुत सैद्धान्तिक खाकालाई आधार मानी विद्यालयमा बाल क्लबको सहभागिताले के कस्तो प्रभाव पारेको छ ? भनी गुणात्मक विधिद्वारा अध्ययन गरिएको छ। अध्ययनका लागि निम्नानुसारको अवधारणात्मक खाका प्रयोग गरिएको छ।

तालिका १ अध्ययनको अवधारणात्मक खाका




स्रोत : बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि,२०६८

प्रस्तुत अवधारणात्मक खाकाअनुसार अनुसन्धानका लागि छनोट गरिएका ६ वटा विद्यालयहरूमा रहेका बाल क्लबले उक्त कार्यहरू कसरी, कति मात्रामा र कहाँ सम्पादन गरेका छन् ? भन्ने कुरा खोज गरी प्रस्तुत अवधारणाअनुसार भए नभएको तथ्य कुरा बाहिर ल्याउन यो अवधारणात्मक खाका बनाइएको हो।

## २.३ पुनरावलोकनको उपादेयता

पूर्व साहित्यको पुनरावलोकनबाट प्राप्त निष्कर्षका आधारमा बाल अधिकारको संरक्षणका लागि जोड दिएको पाइन्छ। विद्यालय तथा समुदायमा बाल बालिकाहरूको भूमिकलाई प्राथमिकता दिने, लैङ्गिक हिंसा बन्द गर्ने, बालमैत्री सुशासन कायम गर्ने, विद्यालयमा बाल बालिकाहरूलाई विभिन्न निर्णयात्मक कार्यमा सहभागी गराउने, दण्डरहित शिक्षा प्रदान गर्ने,

स्थानीय निकायबाट बालबालिकाको विकास शीर्षकमा १० प्रतिशत रकम छुट्याउने, विद्यालयमा स्वच्छ वातावरण निर्माण गर्दै पिउने पानी, स्वस्थकर वातावरणका लागि वृक्षरोपण गर्ने, बाल सञ्जाल गठन गरी स्थानीय स्तरमा लगानी गर्ने, अतिरिक्त क्रियाकलापमा बाल सहभागिता वृद्धि गर्ने आदि पक्षमा जोड दिएको छ। विद्यालयमा बाल क्लबको सहभागिताले बाल बालिका र विद्यालय प्रशानबिचमा पुलको काम गरेको छ भने बाल बालिकाका लागि बाल बालिकाद्वारा नै धार्मिक, सामाजिक, आर्थिक तथा उनीहरूका विविध सांस्कृतिक पहिचानसहितको सङ्गठन निर्माण गरी आफ्नो प्रतिभा प्रस्फुटित गर्ने अवसर प्राप्त गर्ने र प्रजातान्त्रिक अभ्यासलाई जोड दिनु खोजिएको छ।

आगामी दिनमा विद्यालयमा बाल क्लबको सहभागितामा कस्ता कार्यक्रम निर्माण गर्दा सरोकारवालाहरू लाभान्वित हुन्छन् र बाल बालिकाहरूको दक्षता र सक्षमता अभिवृद्धिका लागि बाल क्लबलाई प्रभावकारी बनाउन के कस्ता उपाय खोजी गर्न सकिन्छ भनी अध्ययन गर्न सहायक सिद्ध हुने छ। प्रस्तुत सम्बन्धित साहित्यको पुनरावलोकनबाट 'विद्यालयमा बाल क्लबको सहभागिता' शीर्षकमा गरिएको अध्ययनमा अध्ययन विधि र तथ्याङ्क विश्लेषणका आधारहरू पत्ता लगाई आफ्नो अध्ययनको निष्कर्ष निकाल्न मार्ग निर्देशन गरेको छ। अध्ययनका लागि प्रयोग गरिएको सैद्धान्तिक खाकाले विद्यालयमा बाल क्लबको स्थापनाले बाल बचावट, संरक्षण, सहभागिता र विकासको अवस्था पत्ता लगाई निष्कर्ष निकाल्न मार्ग निर्देशन गरेको छ।

# परिच्छेद तिन

# अध्ययन विधि

प्रस्तुत विषयको अध्ययन अनुसन्धानलाई विश्वसनीय र वैध बनाई निष्कर्षमा पुग्न प्रयोग गरिने अध्ययन विधिलाई यहाँ सविस्तार उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनका लागि गुणात्मक ढाँचा अपनाइएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या तथा नमुना छनोट

यस अध्ययनमा झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रमध्ये काँकरभिट्टा स्रोतकेन्द्रका २३ र बाहुनडाँगी स्रोतकेन्द्रका २६ वटा विद्यालयमध्ये गोलाप्रथाबाट काँकरभिट्टाका ३ र बाहुनडाँगीका ३ गरी ६ वटा विद्यालहरू छनोट गरिएको छ । उक्त ६ वटा विद्यालयका प्रअ, विव्यस अध्यक्ष, बाल क्लबका अध्यक्ष, संरक्षक शिक्षक, अभिभावक र विद्यार्थीहरू तथा बाल अधिकार संरक्षणकर्ता तथा जिल्ला अदालतका बाल मनोविज्ञलाई नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ । २०७२ सालमा बाल क्लबले गरेका कार्यहरूलाई तथ्याङ्कको रूपमा लिइएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, बाल क्लबका संरक्षक शिक्षक, बाल क्लब अध्यक्ष, विद्यार्थी, अभिभावक र झापा जिल्ला अदालतका बाल मनोविज्ञलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरू

प्रस्तुत अध्ययनका लागि प्राथमिक स्रोत र द्‌वितीय स्रोतहरू उपयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

छनोटमा परेका विद्यालयहरूमा अध्ययनकर्ता आफैँले बाल क्लबको सहभागिता भए नभएको निरीक्षण गरी तथा सम्बन्धित विद्यालयका जनसङ्ख्या विद्यार्थी, शिक्षक, प्रअ, विव्यस अध्यक्ष र अभिभावकहरूसँग निर्माण गरिएका प्रश्नावली उपयोग गरी सङ्लन गरिएको छ ।

### ३.३.२ द्वितीय स्रोत

बाल बालिकाका बारेमा विभिन्न अध्ययन अनुसन्धान तथा आयोगहरूले प्रस्तुत गरेका प्रतिवेदन, सरकारी तथा गैर सरकारी संस्थाबाट तयार पारिएका दस्तावेज, लेख रचना आदिलाई पुस्तकालय अध्ययन विधिबाट प्राप्त गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न निम्नानुसारका अनुसन्धानात्मक साधनहरू प्रयोग गरिएको छ ।

**अन्तर्वार्ता**

झापा जिल्ला अदालत तथा जिल्ला बाल कल्याण समितिका सदस्य नारायण भट्टराईसँग अन्तर्वार्ता लिइयो । अन्तर्वार्ता प्रश्नावलीको नमुना अनुसूची ४ देखि ६ सम्म रहेको छ ।

**प्रश्नावली**

बाल क्लबका संरक्षक शिक्षक, बाल क्लबका अध्यक्ष, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई प्रश्नावली भर्न लगाइयो । प्रश्नावली अनुसूची ७ देखि ८ सम्म रहेको छ ।

**अवलोकन**

विद्यालय सुशासन, शैक्षिक उन्नयन, भौतिक व्यवस्थापनमा बाल क्लबको भूमिका पत्ता लगाउन अवलोकन गरियो । अवलोकन फारम अनुसूची ९ मा रहेको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

नमुना छनोटमा परेका विद्यालयहरूको प्रत्यक्ष अवलोकनबाट प्राप्त सूचनाहरू, विभिन्न व्यक्तिहरूसँगको अन्तर्वार्ता र छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, बाल क्लबका संरक्षक शिक्षक, बाल क्लब अध्यक्ष, विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई छुट्टाछुट्टै निर्माण गरिएका खुला र बन्द प्रश्नावलीका आधारमा तथ्याङ्क सङ्कलन गरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

नमुना छनोटमा परेका विद्यालयहरूको प्रत्यक्ष अवलोकनबाट प्राप्त सूचनाहरू, विभिन्न व्यक्तिहरूसँगको अन्तर्वार्ता र छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, बाल क्लबका संरक्षक शिक्षक, बाल क्लब अध्यक्ष, विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई सोधिएका प्रश्नावलीबाट प्राप्त नतिजा तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कलाई उद्देश्यअनुरूप विद्यालयमा बाल क्लबको सहभागिताले पारेको प्रभाव, सिर्जनात्मक कार्य क्षमताको अभिवृद्धि, बाल सहभागिताको अवस्था आदि तुलनात्मक अध्ययन गर्न वर्गीकरण, तालिकीकरण र प्राप्त तथ्याङ्कको प्रतिशत निकाली विश्लेषण गरिएको छ ।

त्यसैगरी विद्यालयमा बाल क्लबको सहभागितामा देखिएको प्रभावको अध्ययन गरी बाल क्लब सञ्चलनमा देखिएका समस्याहरू पहिचान गरी समाधानका उपायहरू सुझावका रूपमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार

# नतिजाको विवेचना

बाल क्लब भन्नाले बाल बालिकाका लागि बाल बालिका आफैँले स्थापना गरेको एउटा मञ्च हो, जहाँ बाल बालिकाहरू सिक्ने र सिकेका अनुभवहरू एक आपसमा आदान प्रदान गर्दछन् । घर, समुदाय तथा स्थानीय सरकारी निकायले गर्ने निर्णय प्रक्रियामा आफ्नो सहभागिताको अधिकार सुनिश्चित गर्छन् । आफ्ना मुद्दा उठाउन, आफ्ना विकासका लागि हुने गतिविधिमा सहभागी हुन, आवश्यक नेतृत्वका गुणहरू विकास गर्न, योजना निर्माण तथा कार्यान्वयन गर्न, आफ्ना सफलता अनुगमन गर्न, राम्रा कुराहरू सिक्न र रमाइलो गर्ने अवसरहरू प्रदान गर्नका लागि बाल क्लबमा बाल बालिकाहरू एकता र सहिष्णु भावना विकास गर्छन् । बाल क्लब बाल सहभागिताको एक सशक्त माध्यम बनेको छ, जसलाई बाल बालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ । बाल क्लब भन्नाले बाल बालिकाका लागि बाल बालिका आफैँले स्थापना गरेको एउटा मञ्च हो, जहाँ बाल बालिकाहरू सिक्ने र सिकेका अनुभवहरू एक आपसमा आदान प्रदान गर्दछन् । घर, समुदाय तथा स्थानीय सरकारी निकायले गर्ने निर्णय प्रक्रियामा आफ्नो सहभागिताको अधिकार सुनिश्चित गर्छन् । आफ्ना मुद्दा उठाउन, आफ्ना विकासका लागि हुने गतिविधिमा सहभागी हुन, आवश्यक नेतृत्वका गुणहरू विकास गर्न, योजना निर्माण तथा कार्यान्वयन गर्न, आफ्ना सफलता अनुगमन गर्न, राम्रा कुराहरू सिक्न र रमाइलो गर्ने अवसरहरू प्रदान गर्नका लागि बाल क्लबमा बाल बालिकाहरू एकता र सहिष्णु भावना विकास गर्छन् । बाल क्लब बाल सहभागिताको एक सशक्त माध्यम बनेको छ, जसलाई बाल बालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ ।

## ४.१ बाल क्लबको गठन प्रक्रिया र आबद्धताको अवस्था

बाल क्लब व्यवस्थित गर्न केन्द्रीय बाल कल्याण समितिले बाल सहभागिता निर्देशिका, २०६२ जारी गरेको छ भने जिल्ला बाल कल्याण समितिले बाल क्लबहरूलाई आबद्धता दिने गरेको छ । झापामा पनि धेरै बाल क्लबहरू गठन भएका छन् तर जिल्ला बाल कल्याण समितिमा आबद्ध हुने बाल क्लबहरूको सङ्ख्या ज्यादै न्यून रहेको छ । जिल्ला बाल कल्याण समितिले बाल क्लबलाई आबद्धता गराउनको लागि जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समितिको कार्यालय र गैर सरकारी महासङ्घमार्फत सूचना आह्वान

गरेपश्चात् केही बाल क्लबहरूले आबद्धता प्रमाण पत्र प्राप्त गरेका छन् । अध्ययनका लागि छनोट गरिएका बाल क्लबमध्ये श्री कवि शरीमणि मा.वि.को बाल क्लब मात्र दर्ता रहेको पाइयो । अन्य पाँच वटा विद्यालयका बाल क्लब दर्ता नरहेको पाइयो ।

### ४.१.१ जिल्ला बाल कल्याण समितिमा आबद्ध बाल क्लबहरू

प्रत्येक विद्यालयमा बाल क्लब गठन गरेपछि कानुनी मान्यता प्राप्त गर्न जिल्ला बाल कल्याण समितिमा आबद्धता प्राप्त गर्न विद्यालयको बाल क्लबका सदस्यहरूको एक एकप्रति फोटो, जन्मदर्ताको प्रतिलिपि र बाल क्लबको बैठकको निर्णयको प्रतिलिपिसहित संरक्षक शिक्षक र बाल क्लबका अध्यक्ष बाल कल्याण समितिको कार्यालयमा उपस्थित भई दर्ता गर्नुपर्ने प्रावधान रहेको पाइयो । २०७३ साल असार मसान्तसम्मको जिल्ला बाल कल्याण समितिको अभलेखअनुसार आबद्धछा प्राप्त गरेका बाल क्लबको सङ्ख्या तालिका २ मा उल्लेख गरिएको छ ।

तालिका २ बाल कल्याण समितिमा आबद्ध बाल क्लबहरू

| अवस्था | सङ्ख्या | बालिका | बालक | जम्मा |
|---|---|---|---|---|
| जम्मा बाल क्लब | १११ | १०६२ | ९७६ | २०३६ |
| समुदायमा आधारित | ६३ | ७६२ | ७०८ | १४७० |
| विद्यालयमा आधारित | ३८ | २९२ | २६५ | ५५७ |
| आबद्धता प्रमाण पत्र प्राप्त | ८५ | ८९९ | ८१७ | १७१६ |

स्रोत : जिल्ला बाल कल्याण समिति झापा, २०७२ ।

झापा जिल्ला बाल कल्याण समितिको सम्पर्कमा रहेका जम्मा १११ वटा बाल क्लबहरू छन् । जसमध्ये समुदाय स्तरका ६३ वटा छन् भने विद्यालय स्तरका ३८ वटा रहेका छन् । जिल्लामा सूचीकृत भई अबद्धता प्रमाणपत्र प्राप्त गर्ने बाल क्लबहरू जम्मा ८५ वटा मात्रै रहेको पाइयो ।

### ४.१.२ झापा जिल्लामा क्रियाशील बाल क्लबहरू

झापा जिल्लाभित्र विद्यालय र समुदायमा आधारित ८२ वटा बाल क्लबहरू क्रियाशील रहेका छन् । झापा जिल्लामा क्रियाशील बाल क्लबहरूको विवरण अनुसूची ७ मा राखिएको छ ।

### ४.१.३ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको बाल क्लब

बाल क्लबहरू जिल्ला प्रशासनमा दर्ता हुनुपर्ने प्रावधान भए पनि जिल्ला बाल कल्याण समिति झापाको अभिलेखअनुसार जिल्ला प्रशासन कार्यालय झापामा दर्ता न. १४३५ भएको चेतना बाल क्लब, लखनपुर मात्र रहेको छ । अध्ययनका लागि छनोट गरिएका विद्यालयका बाल क्लब जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको पाइएन ।

### ४.१.४ बाल क्लब सञ्जाल

झापा जिल्लामा १ वटा जिल्ला स्तरीय बाल क्लब सञ्जाल रहेको छ, जसको सहजीकरण जिल्ला बालकल्याण समितिले गरिरहेको छ । त्यसै गरी ३ वटा नगरस्तरीय बाल क्लब गठन भएको छ, जसको सहजीकरण  नगरपालिका स्वयंले गरिरहेको छ भने २ वटा गाविस स्तरीय बाल क्लब सञ्जाल गठन भएको छ, जसको सहजीकरण गाविस र स्थानीय बालमैत्री गाउँ समन्वय समितिले गरिरहेको छ । त्यसै गरी १ वटा भुटानी शरणार्थी बाल बालिकाहरूको सञ्जाल रहेको छ, जसको सहजीकरण UNHCR र लुथरन फेडरेसनले गरिरहेको छ ।

झापा जिल्लामा रहेका बाल क्लब सञ्जालको विवरण हेर्दा झापा जिल्ला बाल क्लब सञ्जालमा ६ वटा सञ्जाल रहेका छन् । झापा जिल्ला बाल क्लब सञ्जाल भद्रपुरमा ६७ वटा, टाघनडुब्बा बाल सञ्जालमा १५ वटा, लखनपुर बाल सञ्जालमा १५ वटा, दमक बाल क्लब सञ्जालमा २३ वटा, भद्रपुर बाल सञ्जालमा १५ वटा र शनिअर्जुन बाल सञ्जालमा ९ वटा बाल क्लब रहेका छन् (जिल्ला बाल कल्याण समिति, झापा) ।

### ४.१.५ बाल क्लब गठन र सञ्चालन

**बाल क्लब निर्माण**

विद्यालयमा बाल क्लब सञ्चालनका लागि एउटा मूल कार्य समिति रहेको पाइयो । उक्त समिति ७ देखि १८ सदस्यीय रहेको पाइयो । विद्यालयमा कार्यरत एक जना संरक्षक शिक्षक र प्रधानाध्यापक प्रधान संरक्षक रहने गरेको पाइयो । बाल क्लबको गठन अध्ययनका लागि छनोट गरेका विद्यालयमध्ये श्री कवि शिरोमणि माध्यमिक विद्यालयमा मतदान प्रक्रियाबाट गरेको पाइयो भने अन्य पाँच वटा विद्यालयमा सहमतीय पद्धतिबाट निर्माण गरेको पाइयो ।

**बाल क्लब सदस्यताको आधार**

विद्यालयमा बाल क्लबको सदस्य बन्न निम्न आधार आवश्यक रहेको पाइयो ।

१. विद्यालयको नियम तथा प्रक्रियानुसार भर्ना भएको हुनुपर्ने ।

२. कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थी बाल क्लबको सदस्य बन्न सक्ने ।

**बाल क्लबको बैठक**

विद्यालयमा बाल क्लबहरूको बैठक सम्बन्धी अध्ययन गर्दा बाल क्लबको बैठक पुस्तिकाका आधारमा कवि शिरोमणि मा. वि. मा १८ पटक, शिशु साक्षर नि.मा.वि. मा १३ पटक र हरि नि.मा.वि., नवज्योति नि.मा.वि., भानु माध्यमिक विद्यालय, मेची जनसाधारण मा.वि.मा क्रमशः १२ पटक वार्षिकरूपमा बैठक बसेको पाइयो ।

बाल क्लबको नियमित बैठक मासिकरूपमा बस्ने र वार्षिक १२ देखि १८ पटकसम्म बसेको पाइयो । बैठकमा आमन्त्रित सदस्यको रूपमा प्रधान संरक्षक र संरक्षक शिक्षक रहने गरेको पाइयो । समुदायबाट सञ्चालित बाल क्लब वडा नागरिक मञ्चको संरक्षकत्वमा गठन तथा सञ्चालन हुने गरेको पाइयो । बाल क्लबलाई सहयोग गर्ने डोनर एजेन्सीका उपलब्ध पदाधिकारीहरू स्थानीय सरोकारवालहरूलाई पनि विशेष अवसरमा पर्यवेक्षकको रूपमा सहभागी गराउने गरेको पाइयो । बैठकमा प्रस्तुत भएका एजेन्डाहरू छलफल गरी सर्वसम्मत निर्णय गर्ने गरेको पाइयो ।

**बाल क्लबको आर्थिक व्यवस्थापन**

बाल क्लब सञ्चालनको आधार बाल क्लबका सदस्यहरू नै भएको पाइयो । कवि शिरोमणि माध्यमिक विद्यालयले बाल क्लबका सम्पूर्ण सदस्यहरूबाट मासिक रू.५ सञ्चालन खर्च उठाउने गरेको पाइयो । उक्त विद्यालयको बाल क्लब सञ्चालन खर्चका लागि मूल कार्य समितिका सदस्यले मासिक रू. २० र संरक्षक शिक्षकले मासिक रू. ५० बचत गर्ने गरेको पाइयो । त्यसै गरी उक्त बाल क्लबले देउसी भैलो कार्यक्रम आयोजना गरी आर्थिक सङ्कलन गरेको पाइयो । बाल अधिकारका क्षेत्रमा काम गर्ने संस्था मानव अधिकार मञ्च इलामले वार्षिक ५,००० का दरले दुई वर्ष सहयोग गरेको पाइयो । बाल क्लबले पानी शुद्धीकरण गर्ने क्लोरिन झोल निर्माण गरी स्थानीय समुदायलाई विक्री गरी आय आर्जन गरेको पाइयो ।

अध्ययनका लागि छनोट गरिएका अन्य पाँच वटा विद्यालयले सदस्यरूबाट मासिक रू.५ देखि १० रूपैयाँ उठाउने गरेको पाइयो । त्यसैगरी प्रत्येक विद्यालयका बाल क्लबले बर्सेनि देउसी भैलो कार्यक्रम आयोजना गरी आर्थिक सङ्कलन गर्ने गरेको पाइयो ।

**बाल क्लब सञ्चालनका नियम र अभ्यास**

बाल क्लब सञ्चालनको छुट्टै विधान र नियमावली भएको पाइएन । प्रत्येक विद्यालयले महिला, बाल बालिका तथा समाज कल्याण मन्त्रालयअन्तर्गतको जिल्ला बाल कल्याण समितिमा आबद्ध भई सञ्चालन गर्नुपर्ने भए तापनि अध्ययनका लागि छनोट गरिएका विद्यालयमध्ये श्री कवि शिरोमणि विद्यालयको बाल क्लब मात्र त्यसमा आबद्ध भएको पाइयो । अन्य विद्यालयका बाल क्लब जिल्ला बाल कल्याण समितिमा आबद्ध नभएको पाइयो ।

विद्यालय वातावरण क्षेत्र सुधार, विद्यालयमा बालमैत्री सुशासन र लैङ्गिक विभेद अन्त्य गर्ने कार्यमा क्रियाशील सङ्घसंस्थाहरू एक्का नेपाल, मानव अधिकार मञ्च इलाम, मेचीनगर नगर पालिका, एसियन ग्रामीण पर्यटन विकास परियोजना बाहुनडाँगी, सामुदायिक वन उपभोक्ता समिति, जिल्ला खेलकुद समिति, जिल्ला बाल कल्याण समितिले बाल क्लबसँग सहजीकरण गर्दै स्थानीय आवश्यकतामा आधारित भौतिक व्यवस्थापन, अर्थिक सहयोग र व्यक्तित्व विकासका कार्यक्रम गरिरहेको पाइयो ।

### ४.१.६ विभिन्न संरचनामा बाल सहभागिता

बाल सहभागितालाई संवर्धन र प्रवर्धन गर्दै लैजानका लागि विभिन्न संरचनाहरूमा बाल बालिकालाई सहभागी गराउने परिपाटीको थालनी भएको छ । स्थानीय निकायका सबै वडा नागरिक मञ्चहरूमा बाल क्लबबाट १ जना बालक र १ जना बालिकाको सहभागिता हुने गरेको छ । त्यसै गरी योजना तर्जुमाको क्रममा वडा परिषद, गाउँ परिषद, इलाका परिषद र जिल्ला परिषदसमेतमा बाल बालिकाको सहभागिता हुन थालेको छ । झापामा संरचित बाल बालिकासँग सरोकार राख्ने विभिन्न संरचनाहरूमा बाल बालिकाको सहभागिता अनिवार्य रूपमा राखिएको छ । अझै केही संरचनाहरूमा बाल बालिकाको अनिवार्य सहभागिता हुनु पर्ने भए तापनि हुन सकेको छैन ।

जिल्ला स्तरीय संरचनाहरूमा जिल्ला बाल संरक्षण समिति १ र बालमैत्री स्थानीय शासन समितिमा २ जना गरी ३ जनाको सहभागिता देखिन्छ । त्यसै गरी गाउँ तथा नगर स्तरका बाल संरक्षण समितिहरूमा ७ जना बालिका र ८ जना बालक गरी १५ जनाको सहभागिता रहेको देखिन्छ । सबै भन्दा बढी बाल बालिका रेडक्रसको गाउँस्तरको शाखा वा उपशाखामा देखिन्छन् । जसमा ४३०० जना बालिका र ४४४८ जना बालक गरी जम्मा ८७४८ जना बाल बालिकाहरूको संलग्नता भएको देखिन्छ । त्यसै गरी नारी बालमैत्री स्थानीय गाउँ तथा नगर समितिमा जम्मा ४० जना बालक र ४० जना बालिकाको सहभागिता रहेको पाइन्छ भने गाउँ तथा नगर परिषद्मा ४४ जना बालक र ४४ जना बालिका गरी जम्मा ८८ जनाको सहभागिता रहेको पाइन्छ ।

**बाल क्लबमा सहभागिता**

अध्ययनका लागि छनोट गरिएका विद्यालयमा बाल क्लब सञ्चालनका लागि गठन गरिएको मूल कार्य समिति निम्नानुसार रहेको पाइयो ।

**बाल क्लब मूल कार्य समितिमा छात्र र छात्राको तुलना**

बाल क्लबको मूल कार्य समितिका सदस्यहरूको लैङ्गिक सहभागिताको तुलनात्मक अध्ययन गरिएको छ । अध्ययनका लागि छनोट गरिएका विद्यालयमा छात्र र छात्राको सहभागिता निम्नानुसार रहेको पाइयो ।

तालिका ५ बाल क्लब कार्य समितिमा छात्र र छात्राको सङ्ख्यात्मक सहभागिता

| क्र.स. | विद्यालयको नाम | बाल क्लब मूल कार्यसमिति | | जम्मा सदस्य |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | |
| १ | श्री कवि शिरोमणि माध्यमिक विद्यालय | ५ | १० | १५ |
| २ | श्री हरि निम्न माध्यमिक विद्यालय | ८ | १० | १८ |
| ३ | श्री शिशु साक्षर निम्न माध्यमिक | ६ | ९ | १५ |
| ४ | श्री नव ज्याति निम्न माध्यमिक विद्यालय | ७ | ८ | १५ |
| ५ | श्री भानु माध्यमिक विद्यालय | ९ | ६ | १५ |
| ६ | श्री मेची जनसाधारण माध्यमिक विद्यालय | १० | ५ | १५ |
| जम्मा | | ४५ | ४८ | ९३ |

बाल क्लब मूल कार्य समितिमा रहेका पदाधिकारीहरूको छात्र र छात्राको तुलनात्मक अध्ययन तालिका न. ५ हेर्दा छात्र ४१.८५ र छात्रा ४४.६४ रहेको देखिन्छ । उक्त तालिका अध्ययन गर्दा बाल क्लब मूल कार्य समितिमा छात्राको सहभागिता बढी देखिन्छ। अध्ययनका लागि छनोट गरिएका ६ वटा विद्यालयमध्ये श्री भनु माध्यमिक विद्यालय र श्री मेची जनसाधारण माध्यमिक विद्यालयमा छात्रको सङ्ख्या बढी रहेको पाइयो । अन्य चार वटा विद्यालयमा छात्राको सङ्ख्या बढी भएको पाइयो ।

**बाल क्लब मूल कार्य समितिमा जातिगत सहभागिता**

बाल क्लबको मूल कार्य समितिका सदस्यहरूको जातिगत सहभागिताको तुलनात्मक अध्ययन गरिएको छ। अध्ययनका लागि छनोट गरिएका विद्यालयमा बाल क्लबका पदाधिकारीहरूको जातिगत प्रतिनिधित्व निम्नानुसार रहेको पाइयो ।

तालिका ६ बाल क्लब कार्य समितिमा जातिगत सहभागिता

| क्र.स. | विद्यालयको नाम | ब्राह्मण/छेत्री | | आदिवासी/जनजाति | | दलित | | सीमान्तकृत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | श्री कवि शिरोमणि मा.वि | ३ | ४ | ३ | ४ | ० | ० | ० | १ |
| २ | श्री हरि निम्न मा.वि. | ४ | ४ | ३ | ४ | १ | २ | ० | ० |
| ३ | श्री शिशु साक्षर | ३ | ४ | ३ | ० | ० | ४ | ० | १ |
| ४ | श्री नव ज्योति नि.मा.वि. | ४ | ३ | २ | ३ | ० | १ | १ | १ |
| ५ | श्री भानु मा.वि. | ५ | ३ | ३ | ४ | ० | ० | ० | ० |
| ६ | श्रीमेची जनसाधारण | ४ | ३ | ५ | २ | १ | ० | ० | ० |
| | जम्मा | २३ | २१ | १९ | १७ | २ | ७ | १ | ३ |

बाल क्लब मूल कार्य समितिमा रहेका पदाधिकारीहरूको जातिगत सहभागिता तुलनात्मक अध्ययन तालिका न. ६ हेर्दा ब्राह्मण/छेत्री छात्र २५ प्रतिशत र छात्रा २३ प्रतिशत, आदिवासी जनजाति छात्र २० प्रतिशत र छात्रा १८ प्रतिशत, दलित छात्र २ प्रतिशत र छात्रा ८ प्रतिशत तथा सीमान्तकृत छात्र १ प्रतिशत र छात्रा ३ प्रतिशत रहेको देखिन्छ। उक्त तालिका अध्ययन गर्दा बाल क्लब मूल कार्य समितिमा ब्राह्मण/छेत्री छात्र र छात्राको सङ्ख्या एक चौथाइको हाराहारीमा रहेको पाइयो भने दलित र सीमान्तकृत समुदायका छात्र र छात्राको न्यून सहभागिता रहेको पाइयो।

**बाल क्लब मूल कार्य समितिका विद्यार्थीहरूको उमेर**

बाल क्लबको मूल कार्य समितिका सदस्यहरूको उमेरगत सहभागिताको तुलनात्मक अध्ययन गरिएको छ। अध्ययनका लागि छनोट गरिएका विद्यालयमा बाल क्लबका सदस्यहरूलाई १०, ११, १२, १३, १४, १५, १६ र १६ वर्षभन्दा माथि उमेरगत समूहमा विभाजन गर्दा निम्नानुसार रहेको पाइयो।

तालिका ७ बाल क्लबमा विभिन्न उमेर समूहको सहभागिता

| क्र.स. | विद्यालयको नाम | उमेर समूह (वर्षमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ११ | १२ | १३ | १४ | १५ | १६ | १६ माथि |
| १ | श्री कवि शिरोमणि मा.वि | ३ | ४ | ६ | ० | ० | ० | २ |
| २ | श्री हरि नि.मा.वि. | ४ | ४ | ५ | ५ | ० | ० | ० |
| ३ | श्री शिशु साक्षर नि.मा.वि | ५ | ४ | ५ | १ | ० | ० | ० |
| ४ | श्री नव ज्याति नि.मा.वि. | ४ | ४ | ३ | ४ | ० | ० | ० |
| ५ | श्री भानु मा.वि. | २ | ४ | ४ | ३ | २ | ० | ० |
| ६ | श्रीमेची जनसाधारण मावि | २ | ४ | ३ | २ | २ | ० | २ |
| जम्मा | | २० | २४ | २६ | १५ | ४ | ० | ४ |

बाल क्लब मूल कार्य समितिमा रहेका पदाधिकारीहरूको उमेरगत सहभागिता तुलनात्मक अध्ययन तालिका न. ७ हेर्दा अधिकबाट न्यूनतर्फ क्रमशः १३ वर्ष उमेर समूहमा २८ प्रतिशत, १२ वर्ष उमेर समूहमा २७ प्रतिशत, ११ वर्ष उमेर समूहमा २२ प्रतिशत, १४ वर्ष उमेर समूहमा १६ प्रतिशत, १५ वर्ष उमेर समूहमा ४ प्रतिशत र १६ वर्षभन्दा माथि ४ प्रतिशत बालबालिकाको सहभागिता देखियो । उक्त तालिका अध्ययन गर्दा १५ वर्षभन्दा कम उमेर समूहका बाल बालिका बाल क्लबमा सहभागी भएको पाइयो ।

**बाल क्लबमा विद्यार्थीहरूको सहभागिता : रुचि र बाध्यता**

नेपाल सरकार, शिक्षा मन्त्राल, शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयमार्फत बालमैत्री विद्यालय, विद्यालय शान्ति क्षेत्र तथा विद्यालय सुशासनका लागि सबै सामुदायिक विद्यालयहरूमा अनिवार्य बाल क्लब गठन गर्न दिएको निर्देशन २०७२ बाट विद्यालयमा बाल क्लब गठन अनिवार्य भएको पाइयो । उक्त निर्देशनबमोजिम बाल क्लब गठन गरी विद्यालयमा बालमैत्री वातावरण तथा विद्यालय सुशासनका लागि विद्यालयका सम्पूर्ण गतिविधिहरूमा बाल क्लबको सहभागिता गराउनु पर्ने भएकाले बाल क्लब अनिवार्य गठन गरेको पाइयो ।

विद्यालय सुशासन र सरोकारवालालाई जवाफदेही बनाउन बाल क्लबले महत्त्वपूर्ण भूमिका खेल्ने तथा बाल क्लबमा सहभागी भएर नेतृत्व विकासको अवसर प्राप्त गर्न सकिने भएकाले विद्यार्थीहरू बाल क्लबमा सहभागी हुन रुचि भएको पाइयो । बाल क्लबबाट विद्यालय वातावरण क्षेत्र सुधार, विद्यालयमा व्यवस्थापन समितिमा बाल क्लबको भूमिका, विद्यालय प्रशासन र व्यवस्थापन समितिले विद्यालयमा गर्नुपर्ने कार्यहरू सम्बन्धी गोष्ठी आदिमा विद्यार्थीहरूले जिल्लादेखि राजधानीसम्म सहभागिता जनाएको पाइयो । राष्ट्रिय बाल सम्मेलनमा बाल क्लबको तर्फबाट सहभगिता जनाएकाले पनि यसप्रति रुचि बढेको पाइयो । योदेखि बाहेक अतिरिक्त क्रियाकलापहरू उद्घोषण तालिम, पत्रकारिता तालिम, क्लोरिन झोल निर्माण तालिम आदि कार्यहरूले विद्यार्थीहरूमा आत्म विश्वास बढेको पाइयो । त्यसैले यस्ता अवसर प्राप्त गर्न विद्यार्थीहरू बाल क्लबमा सहभागी हुन उत्सुक रहेको पाइयो ।

यो अध्ययनका क्रममा श्री कवि शिरोमणि माध्यमिक विद्यालयको बाल क्लब निर्वाचन २०७३ प्रत्यक्ष अवलोकन गर्न पाइयो । सहमतीय प्रक्रियाबाट बाल क्लब गठन गर्नेक्रममा १५ सदस्यीय मूल कार्य समितिका लागि ९० जना आकाङ्क्षी बनेपछि श्री कवि शिरोमणि माध्यमिक विद्यालयको बाल क्लब गठन मतदान प्रक्रियाबाट गर्ने निर्णय भएको थियो । मतदानका सम्पूर्ण प्रक्रिया अवलम्बन गरिएको थियो । उम्मेद्वारको अन्तिम नामावली प्रकाशन गर्ने समयमा ५६ जनाले उम्मेद्वारी फिर्ता लिएका थिए भने ३४ जनाले चुनावमा भाग लिएका थिए । यसबाट पनि बाल क्लबमा विद्यार्थीको रुचि स्पष्ट हुन्छ ।

**बाल क्लबमा अभिभावकको रुचि र सहयोग**

यस अध्ययनका लागि छनोट गरिएका अभिभावकहरूसँगको अन्तर्वार्ताबाट बाल क्लबले विद्यालयमा बालमैत्री वातावरण निर्माण र विद्यालय सुशासनमा ल्याएको सकारात्मक परिवर्तनबाट अभिभावकहरूमा बाल क्लबप्रति रूचि बढेको पाइयो । बाल क्लबले सञ्चालन गरेका कार्यक्रमहरूबाट विद्यार्थीहरूमा भएको नेतृत्व विकास र क्षमता अभिवृद्धिबाट अभिभावकरू पनि उत्साहित भएको पाइयो । विद्यालय वातावरण सुधारका क्रममा फुलबारी निर्माणले पनि अभिभावकहरूमा उत्साह बढेको पाइयो । बहु वर्षीय वृक्ष रोपण तथा हर्बो गार्डेन निर्माण तथा बाल बालिकाहरूको खेलकुद सिप विकासका लागि बाल

क्लबले सम्पूर्ण सामग्रीहरू व्यवस्थापन गरी विविध विधामा संलग्न गराएकाले अभिभावकहरूमा सकारात्मक धारणा निर्माण गरेको पाइयो ।

बाल क्लबप्रति अभिभावकहरूको सकारात्मक धारणा भएकाले बाल बालिकाहरूलाई क्लबसम्बन्धी कार्यक्रमहरूमा जिल्लादेखि राजधानीसम्म जानका लागि स्वीकृति दिने गरेको पाइयो । बाल क्लब सञ्चालनका लागि विद्यार्थीहरूबाट सङ्कलन गरिने मासिक शुल्क तिर्न अभिभावकहरूले सहयोग गरेको पाइयो । बाल क्लबले प्रदर्शन गर्ने सिर्जनात्मक कार्यक्रमहरूमा आवश्यक पर्ने पोसाक उपलब्ध गराउन तथा बिदाका दिनमा पनि क्लबका कार्यहरू गर्न विद्यालय जानका लागि सहयोग गरेको पाइयो ।

**बाल क्लब र व्यवस्थापन समिति**

विद्यालय व्यवस्थापन समितिले बाल क्लबलाई विद्यालय सञ्चालनका लागि पूरकका रूपमा लिएको पाइयो । खासगरी विद्यालय सुशासनमा बाल क्लबले खेलेको भूमिकाका कारण व्यवस्थापन समितिले बाल क्लबका अध्यक्ष र सचिवलाई सामाजिक लेख परीक्षण समितिमा सदस्यको जिम्मेवारी दिएको पाइयो । शिक्षा नियमावलीमा उल्लेख भए पनि उक्त व्यवस्था प्रभावकारी नभएको पाइयो । बाल क्लबका पदाधिकारीसँगको अन्तर्वार्तामा सामाजिक परीक्षणका क्रममा बाल क्लबका पदाधिकारीलाई हस्ताक्षर गराएको तर निर्णयमा सहभागी नगराएको पाइयो । व्यवस्थापन समितिले बाल क्लब सञ्चालनका लागि कुनै पनि आर्थिक र क्षमता विकाससम्बन्धी कार्य नगरेको पाइयो ।

**बाल क्लबलाई सहजीकरण गर्ने निकायहरू**

बाल क्लबको सहजीकरण एक महत्त्वपूर्ण कार्य हो । बाल क्लब गठन तथा सञ्चालनका लागि विभिन्न सरकारी निकाय, गैर सरकारी संस्थाहरूले काम गरिरहेका छन् भने स्वतस्फूर्त रूपमा क्रियाशील बाल क्लबहरू पनि रहेका छन् । बाल क्लबलाई सहजीकरण गर्ने संस्थाको विवरण अनुसूचीमा राखिएको छ ।

### बाल क्लबको अनुगमन

बाल क्लब अनुगमनको मुख्य जिम्मेवारी विद्यालयका प्रधानाध्यापक तथा संरक्षक शिक्षकको रहेको पाइयो । प्रधानाध्यापक र संरक्षक शिक्षकले नियमितरूपमा बाल क्लबका गतिविधि तथा उनीहरूका क्रियाकलाप अवलोकन गरी सुधारका लागि पृष्ठ पोषण दिने गरेको पाइयो । समय समयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष, स्रोतव्यक्ति, शैक्षिक तालिम केन्द्रका प्रशिक्षकहरू, विद्यालय निरीक्षक आदिले अनुगमन गरेको बाल क्लबको निरीक्षण अभिलेख पुस्तिकाबाट पाइयो । अध्ययनका लागि छनोट गरिएका विद्यालयहरूमा सहयोग गर्ने दाताहरूले बाल क्लबका क्रियाकलाप र उपलब्धि अवलोकन गरी सुधारका लागि सहयोग गर्ने गरेको पाइयो ।

## ४.२ बाल क्लबको सहभागितामा भएका रचनात्मक कार्यहरू

### अतिरिक्त क्रियाकलापमा बाल क्लब

बाल क्लबले विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको पाइयो । अध्ययनका लागि छनोट भएका विद्यालयमा बाल क्लबको आफ्नै वार्षिक कार्य योजना निर्माण गरी सोअनुसार कार्य गरेको पाइयो । यसक्रममा खेलकुद, वाद्यवादन, सांस्कृति तथा साहित्यिक कार्यक्रम, हाजिरी जवाफ, सामाजिक सचेतना ऱ्याली, फुलबारी निर्माण, विद्यालय हाताभित्र र बाहिर सरसफाइ, सदनात्मक प्रतिस्पर्धा आयोजना गर्ने गरेको पाइयो ।

बाल क्लबले सञ्चालन गरेका यस्ता अतिरिक्त क्रियालापबाट व्यक्तित्व विकास गरेका विद्यार्थीहरू जिल्ला तथा राष्ट्रिय स्तरका प्रतिस्पर्धामा उत्कृष्ट ठहरिएको पाइयो । श्री कवि शिरोमणि बाल क्लबकी छात्रा चाँदनी तामाङ ते क्वान दो खेलमा झापा जिल्ला प्रथम, क्षेत्र प्रथम हुँदै केन्द्रसम्म प्रतिस्पर्धाका लागि पुगेको पाइयो ।

### विद्यालयको भौतिक व्यवस्थापनमा बाल क्लब

बाल क्लबले विद्यालयको भौतिक विकासका लागि विभिन्न कार्य गरेको पाइयो । श्री कवि शिरोमणि बाल क्लबका पदाधिकारीहरू सम्मिलित देउसी कार्यक्रमबाट सङ्कलित रकमले पुस्तकालयका लागि रू. १२,००० को बुक ऱ्याक, रू. ३५,००० बराबरको पानी शुद्धीकरण गर्ने मेसिन मिनी वाट्टा, रू. ५,००० खर्च गरी कार्यक्रम स्थल स्टेजको छानो निर्माण, रू.

७,५०० को विभिन्न विधाका पुस्तक खरिद, खेलकुदका सामग्री खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेको पाइयो । श्री हरि नि.मा.वि. तथा शिशु साक्षर नि.मा.वि. का बाल क्लबले वाद्य वादन खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेको पाइयो । अध्ययनका लागि छनोट भएका अन्य विद्यालयहरूमा बाल क्लबले खेलकुदका सामग्री खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेको पाइयो । त्यसैगरी अध्ययनका लागि छनोट गरिएका सबै विद्यालयमा बाल क्लबले फुलबारी निर्माण गरी विद्यालय परिसरमा सौन्दर्य चेतना वृद्धि गरेको पाइयो ।

## ४.३ विद्यालय सञ्चालनमा बाल क्लब

### विद्यालयमा अनुशासन कायम गर्न बाल क्लब

बाल क्लबले विद्यालयमा शिक्षक र विद्यार्थीको उपस्थित हुने र व्यतित गर्नुपर्ने समय व्यवस्थित गर्न महत्त्वपूर्ण भूमिका खेलेको पाइयो । बाल क्लबका सदस्यहरूले विद्यालय समय बिहान १०:०० बजे प्रार्थना सभा अगाडि विद्यालयको गेट लगाउने गर्नाले विद्यार्थी तथा शिक्षकहरू समयमा विद्यालय आइपुग्ने गरेको पाइयो । त्यस्तै विद्यालय हाताभित्र सुर्ती तथा खुट्खा आदिको सेवन निषेध गर्न बाल क्लबले अनुगमन गर्ने र त्यस्तो पाइए प्रधानाध्यापकसमक्ष परामर्शका लागि लैजाने गरेको पाइयो । यसले शिक्षकहरूलाई पनि सचेत गराएको पाइयो ।

### विभिन्न तालिममा बाल क्लब

बाल क्लब विद्यार्थीहरूको व्यक्तित्व विकासको आधार भएको पाइयो । बाल क्लबका पदाधिकारीहरूले स्थानीय क्षेत्रदेखि केन्द्रीय स्तरका विभिन्न विषयका तालिमहरू लिने अवसर प्राप्त गरेको अध्ययनका क्रममा पाइयो । यस अध्ययनका क्रममा बाल क्लबमार्फत विद्यार्थीहरूले चित्रकथा निर्माण, भित्ते पत्रिका प्रकाशन, पुस्तकालय व्यवस्थापन, वार्षिक कार्य योजना निर्माण, क्लोरिन झोल निर्माण, वातावरण संरक्षणसम्बन्धी, बैठक सञ्चालन तथा माइन्युट लेखन, नेतृत्व विकास, वाद्य वादन, नृत्य, सुशासनसम्बन्धी तालिम, लैङ्गिक समानता, यौन हिंसा विरूद्धको तालिम तथा बाल क्लबका गतिविधिहरूको अभिलेख राख्नेसम्बन्धी तालिम लिएको पाइयो ।

## ४.४ बाल क्लबले शैक्षिक उन्नयनमा खेलेको भूमिका

अध्ययनका क्रममा बाल क्लबका पदाधिकारी विद्यालयको वार्षिक परीक्षामा फेल नभएको पाइयो । बाल क्लबले शैक्षिक उन्नयनका लागि विद्यार्थीहरूको उमेर र रूचिअनुसारका पुस्तकहरू सङ्ग्रह गरी विद्यालयमा छुट्टै पुस्तकालय सञ्चालन गरेको पाइयो । यसबाट विद्यार्थीहरूमा पढ्ने बानी विकास हुँदै गएको पाइयो । त्यस्तै बाल क्लबले प्रकाशन गरेको भित्ते पत्रिकामार्फत उनीहरूको सिर्जनात्मक अभिव्यक्ति विकास भएको पाइयो । बाल क्लबले विद्यार्थीहरूको शैक्षिक क्षमता अभिवृद्धिका लागि लेखन सिप तालिम सञ्चालन गरेको पाइयो । अध्ययनका लागि छनोट भएका विद्यालयहरू अवलोकनका क्रममा बाल क्लबका विद्यार्थीहरूले स्थानीय पत्रपत्रिकामा रचनाहरू प्रकाशन गरेको पाइयो ।

अन्तर विद्यालय तथा जिल्ला स्तरीय विविध रचनात्मक प्रतियोगिताहरूमा बाल क्लबका पदाधिकारीहरू उत्कृष्ट भई पुरस्कृत भएको पाइयो । विद्यालयको समग्र शैक्षिक विकास लागि बाल क्लबले शिक्षक तथा विद्यार्थीहरूको उपस्थिति, नियमितता, समयावधिभर बसाइ आदि जस्ता अभिलेख राखी समय समयमा विद्यालय प्रशासन, व्यवस्थापन समिति तथा स्रोतव्यक्ति र विद्यालय निरीक्षकलाई पनि जानकारी गराएको पाइयो । यसबाट शिक्षक, विद्याल प्रशासन, व्यवस्थापन समिति र निरीक्षकहरू सचेत हुने गरेको पाइयो । बाल क्लबकै कारण विद्यालय समयसम्म सञ्चालन हुने र विद्यार्थीहरूमा पनि नियमितता बढेको पाइयो ।

## ४.५ बाल क्लबका समस्या र चुनौती

### बाल क्लब गठन र सञ्चालन सम्बन्धी समस्या

बाल क्लब सञ्चालनको प्रमुख समस्या आर्थिक व्यवस्थापन हो । क्लब सञ्चालनका लागि विद्यार्थीहरूबाटै सहयोग शुल्क उठाउनु पर्ने भएकाले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने भन्ने कुरा संविधानमा लेखिएकाले यो कानुनसम्मत नभएको पाइयो ।

राज्यको नीतिअनुसार स्थानीय निकायले कुल बजेटको १० प्रतिशत रकम बाल बालिका शीर्षकमा छुट्याए पनि विद्यालयका बाल क्लबमा उक्त रकम आउन नसकेको पाइयो ।

बाल क्लब सञ्चालनका लागि विद्यालयमा छुट्टै कोठा उपलब्ध हुन सकेको छैन । जसले गर्दा बाल क्लबको बैठक, पुस्तकालय, खेलकुदका सामग्री, अभिलेख तथा निरीक्षण पुस्तिका, वाद्य वादन सुरक्षित हुन नसकेको पाइयो ।

बाल क्लब सञ्चालनका लागि विद्यालय व्यवस्थापन समितिले अल्प कालीन तथा दीर्घ कालीन योजना निर्माण गरेको पाइएन । जसले गर्दा व्यवस्थापन समिति बाल क्लबप्रति जवाफदेही भएको देखिँदैन ।

बाल क्लब मूल कार्य समितिमा संरक्षक शिक्षक राखिए पनि विद्यालयको नियमित कार्य बोझका कारण उसले बाल क्लब सञ्चालनका लागि समय दिन नसकेको पाइयो ।

विद्यालयमा विविध जातजातिका विद्यार्थीहरू भए पनि बाल क्लबमा सबैको समान सहभागिता नभएकाले बाल क्लब समावेशी बन्न नसकेको पाइयो । जसले बाल क्लब सबैको साझा हो भन्ने भावना निर्माण गर्न सकेको छैन ।

### रचनात्मक कार्य सम्बन्धी समस्या

बा क्लबले विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि विभिन्न रचनात्मक कार्यहरू गरेको पाइयो । फुलबारी निर्माणले विद्यालय हातामा सौन्दर्य चेतना बढे पनि विद्यालय लामो समय बिदा हुने अवस्था जस्तै : बर्खे बिदा, चाडपर्व बिदा आदिमा तिनको सुरक्षा र रेखदेख गर्ने व्यक्तिको व्यवस्था विद्यालयले गर्न नसकेको पाइयो ।

बाल क्लबले वाद्य वादनका सामग्री व्यवस्थापन गरे पनि विद्यालयले सङ्गीत प्रशिक्षक राख्न सकेका छैनन् । यसले गर्दा वाद्य वादनको उचित प्रयोग हुन सकेको छैन भने अर्कातिर ती सामग्री सुरक्षित भण्डारण गर्न कठिनाइ भएको छ ।

### विद्यालय सञ्चालन सम्बन्धी समस्या

बाल क्लबले विद्यालय सञ्चालनका लागि महत्त्वपूर्ण भूमिका खेल्ने तत्त्व समय र अनुशासन कायम गर्न प्रयास गरेको पाइयो । समय व्यवस्थापन गर्न विद्यार्थीमा भन्दा शिक्षकमा बढी समस्या रहेका कारण शिक्षकलाई कडाइ गर्न विद्यार्थीले नसक्ने र प्रयास गर्न खोज्दा शिक्षक विद्यार्थीबिच तनाव बढेको पनि पाइयो ।

विद्यालयमा अनुशासन कायम गर्ने सन्दर्भमा बाल क्लबका पदाधिकारी र अन्य विद्यार्थीबिच बेला बेलामा समस्या आएको पाइयो । त्यसैगरी बाल क्लबले बनाएका आचारसंहिता पालना गर्न र गराउन शिक्षक तथा विद्यार्थी दुबै पक्षमा समस्या रहेको छ ।

### शैक्षिक उन्नयन सम्बन्धी समस्या

बाल क्लब विद्यार्थीहरूको व्यक्तिव विकास गर्ने संस्था हो । यसले विद्यार्थीहरूलाई विभिन्न अवसर प्रदान गरेको अध्ययनका क्रममा पाइयो । बाल क्लबले लगानी गरेर उत्कृष्ट बनाएका विद्यार्थीहरूले घरको आर्थिक समस्याका कारण बिचैमा पढाइ छोड्ने गरेको पाइयो । यसबाट लगानी खेर जाने समस्या पाइयो ।

### सैद्धान्तिक खाकाको अनुसन्धानात्मक विश्लेषण

अध्ययनका क्रममा नमुना छनोटमा परेका ६ वटा विद्यालयहरुमा बाल सिद्धान्तको मापदण्ड (बाल वचावट, बाल सहभागिता, बाल संरक्षण र बाल विकास) लाई नियाल्दा, बालबालिकाहरूको चौतर्फी विकासका साथसाथै उक्त सिद्धान्तलाई अनुसरण गरेको पाइयो । नेपालको सन्दर्भमा १६ वर्ष पूरा नगरेका र अन्तर्राष्ट्रिय मान्यता अनुसार १८ वर्ष ननाघेका समुदाय तथा विद्यालयमा रहेका बाल बालिकाहरूको समूह नै बाल क्लब भएकाले उक्त समूहभित्रै आफ्ना समस्या तथा आवश्यकताहरू आफैं सहजीकरण गरी सरोकारवालाहरूसँग सहकार्य गर्ने गरेको पाइयो । बाल क्लब मार्फत आफ्नो अधिकार क्षेत्रभित्र पर्ने सिद्धान्तगत अवधारणा अनुसार नै विद्यालय प्रशासन, स्थानीय सरकार र सरोकारवालाहरूसँग सहकार्य गर्दै बाल मैत्री वातावरण निर्माणमा प्रजातान्त्रिक अभ्यासलाई अवलम्बन गरेको पाइयो । नेपाल सरकारको बाल मैत्री अभियानमा उक्त विद्यालयहरूमा सञ्चालित बाल क्लबले महत्वपूर्ण भूमिका निर्वाह गर्दै अन्तर्राष्ट्रिय मूल्यमान्यताअनुसारको मापदण्ड कायम राख्न प्रयासरत रहेको पाइयो । विद्यालयमा बाल बालिकाहरुलाई ‘भिmकाउ, टिकाउ, सिकाउ र विकाउ’ भन्ने उक्तिलाई चरितार्थ गर्न र संयुक्त राष्ट्र संघको सिद्धान्तलाई व्यवहारिकता प्रदान गर्नका लागि उक्त बाल क्लबहरूको भूमिका सान्दर्भिक र समय सापेक्ष पनि बनेको पाइयो । तथापि भावी दिनहरूमा उक्त बाल क्लबले अझ शसक्त र महत्वपूर्ण कदम चाली अन्य विद्यालयमा समेत बाल क्लबमार्फत बाल बालिकाहरूका चार सिद्धान्तहरुलाई आधार मानी अगाडि बढ्न र कार्यान्वयन गर्न र गराउन जोड दिनुपर्ने पक्ष भने उत्तिकै महत्वपूर्ण रहेको छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

विद्यालयमा बाल क्लबको सहभागिता शीर्षकको अध्ययनबाट निम्न निष्कर्ष निकाल्न सकिन्छ ।

झापा जिल्लामा सञ्चालित १११ वटा बाल क्लबमध्ये ८५ वटा बाल क्लबले मात्र जिल्ला बाल कल्याण समितिबट आबद्धताको प्रमाण पत्र प्राप्त गरेको, जिल्ला प्रशासन कार्यालयमा एउटा मात्र बाल क्लब दर्ता भएको र ६ वटा बाल क्लब सञ्जाल गठन भएको पाइयो । समुदायमा आधारित ६३ वटा र विद्यालयमा आधारित ३८ वटा बाल क्लब रहेको पाइयो ।

विद्यालयअन्तर्गत बाल क्लब गठनका लागि एकजना शिक्षकको संरक्षकत्वमा विद्यार्थीहरूको भेला आयोजना गरी ७ देखि १८ जनासम्मको मूल कार्य समिति सहमतीय आधारमा प्रजातान्त्रिक तरिकाले चयन गरेको पाइयो भने समुदायमा आधारित बाल क्लब वडा नागरिक मञ्चको संरक्षकत्वमा गठन गरेको पाइयो । विद्यालय र समुदायमा आधारित बाल क्लबहरू जिल्ला बाल कल्याण समितिमा दर्ता गर्नुपर्ने प्रावधान रहेको पाइयो ।

बाल क्लब विद्यालयकै अभिन्न अङ्ग भए पनि यसको सञ्चालन, आर्थिक व्यवस्थापन, अतिरिक्त क्रियाकलापमा यसको सहभागिता र कार्य सञ्चालन प्रणाली स्वायत्त प्रकृतिको रहेको देखिन्छ ।

बाल क्लबको आर्थिक व्यवस्थापन पक्ष हेर्दा यसले सहयोगी संस्था, दाताहरू, सदस्यहरूबाट उठाइने शुल्क, शिक्षकहरूले गर्ने सहयोग स्विकारेको देखिन्छ ।

बाल क्लब सञ्चालनको छुट्टै विधान र नियमावली नभएको पाइयो ।

महिला, बाल बालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत जिल्ला बाल कल्याण समितिमा बाल क्लब आबद्ध हुनुपर्ने भए पनि अध्ययनका लागि छनोट भएका ६

विद्यालयमध्ये एउटा विद्यालय मात्र आबद्ध भएको पाइयो। जिल्ला बाल कल्याण समितिमा आबद्ध नभएका बाल क्लबको वैधानिता पुरा नभएको देखिन्छ।

बाल क्लब विद्यालयको एउटा अभिन्न अङ्ग बनेको देखिन्छ। बाल क्लब गठन गर्नुभन्दा अघि विद्यालय सञ्चालन र प्राज्ञिक उन्नयनका योजना निर्माणमा विद्यार्थीहरूलाई सहभागी गराइदैनथ्यो। जसले गर्दा बाल बालिकाका रुचि र चाहना सम्बोधन हुँदैनथे। बाल क्लब गठनपछि विद्यालयका हरेक योजना निर्माणमा विद्यार्थीहरूको सहभागिता बढेको छ।

विद्यालयका काम कारबाही, आय व्यय तथा उपलब्धि परीक्षण गर्ने अनिवार्य कार्यक्रम सामाजिक परीक्षण समितिमा बाल बालिकाको सहभागिता बढेको छ।

बाल क्लबमा सहभागी विद्यार्थीहरूले वातावरण क्षेत्र सुधार, विद्यालय व्यवस्थापन जस्ता गोष्ठीहरूमा सहभागी हुने अवसर पाएका छन्।

बाल क्लब तथा बाल क्लबसँग साझेदार संस्थाहरूले आयोजना गरेका उद्घोषण तालिम, पत्रकारिता तालिम, क्लोरिन झोल निर्माण तालिमले विद्यार्थीहरूमा आत्म विश्वास बढेको तथा व्यवहारमा प्रयोग गर्न सक्षम भएका छन्।

बाल क्लबले आफ्ना सदस्यबाट उठाएको शुल्क, देउसी कार्यक्रमबाट सङ्कलित रकम विद्यालयको भौतिक निर्माणमा प्रयोग गरेका छन्। उनीहरूले विद्यालयमा बाल क्लबको छुट्टै पुस्तकालय निर्माण, स्टेज निर्माण, पानी शुद्धीकरण मेसिन जडान तथा वाद्य वादनका सामग्री खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेका छन्।

बाल क्लबका पदाधिकारीहरूले बाल क्लबमार्फत चित्रकथा निर्माण, भित्ते पत्रिका प्रकाशन, पुस्तकालय व्यवस्थापन, वार्षिक कार्य योजना निर्माण, बैठक सञ्चालन, माइन्युट लेखन, नेतृत्व विकास, सुशासन जस्ता विविध विषयमा तालिम लिएका छन्।

बाल क्लबप्रति अभिभावकहरूको सकारात्मक धारणा भएकाले बाल बालिकाहरूलाई क्लबसम्बन्धी कार्यक्रमहरूमा जिल्लादेखि राजधानीसम्म जानका लागि स्वीकृति दिने तथा मासिक शुल्क तिर्न अभिभावकहरूले सहयोग गरेका छन्।

बाल क्लबले प्रदर्शन गर्ने सिर्जनात्मक कार्यक्रमहरूमा आवश्यक पर्ने पोसाक उपलब्ध गराउन तथा बिदाका दिनमा पनि क्लबका कार्यहरू गर्न विद्यालय जानका लागि सहयोग गरेका छन् ।

बाल क्लबले आफ्नै वार्षिक कार्य योजना निर्माण गरी खेलकुद, वाद्यवादन, सांस्कृति तथा साहित्यिक कार्यक्रम, हाजिरी जवाफ, सामाजिक सचेतना र्‍याली, फुलबारी निर्माण, विद्यालय हाताभित्र र बाहिर सरसफाइ, सदनात्मक प्रतिस्पर्धा आयोजना गर्ने गरेका छन् ।

बाल क्लबले सञ्चालन गरेका अतिरिक्त क्रियालापबाट व्यक्तित्व विकास गरेका विद्यार्थीहरू जिल्ला तथा राष्ट्रिय स्तरका प्रतिस्पर्धामा उत्कृष्ट ठहरिएका छन् ।

बाल क्लबका पदाधिकारीहरूको लैङ्गिक सहभागिता तुलनात्मक अध्ययन गर्दा छात्रको तुलनामा छात्राको सङ्ख्या बढी रहेको छ ।

बाल क्लबका पदाधिकारीहरूको जातिगत सहभागिता तुलनात्मक अध्ययन गर्दा क्रमशः ब्राह्मण/छेत्री, आदिवासी/जनजाति, दलित र सीमान्तकृत समुदायको सङ्ख्यात्मक उपस्थिति रहेको देखिन्छ । सबैभन्दा बढी ब्राह्मण/छेत्री जातका छात्र र छात्रा दुवैको सङ्ख्या बढी देखिन्छ । त्यसपछि दोस्रो स्थानमा आदिवासी/जनजातिका छात्रछात्रा रहेका छन् । दलित र सीमान्तकृत समुदायका छात्रछात्राको अत्यन्त न्यून सहभागिता रहेको छ ।

बाल क्लबका पदाधिकारीहरूको उमेरगत सहभागिता तुलनात्मक अध्ययन गर्दा ११ देखि १३ वर्ष उमेर समूहको सहभागिता बढी रहेको देखिन्छ । यसबाट निम्न माध्यमिक तहमा अध्ययनरत बाल बालिकाको बाल क्लबका बढी आकर्षण रहेको देखिन्छ ।

शिक्षा नियमावलीमा भएको व्यवस्थाबमोजम शिक्षक अभिभावक सङ्घमा उच्चतम कक्षाका दुई जना विद्यार्थी प्रतिनिधिका रूपमा सहभागी हुन पाउने व्यवस्था छ । यसले पनि विद्यालयलाई समुदाय र अभिभावकसँग जोड्ने माध्यम बाल बालिका नै भएको स्पष्ट पारेको छ ।

नेपाल सरकार, शिक्षा मन्त्राल, शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयमार्फत सबै सामुदायिक विद्यालयहरूमा अनिवार्य बाल क्लब गठन गर्न दिएको निर्देशन २०७२ बाट

विद्यालयमा बाल क्लब गठन अनिवार्य भएको पाइयो । विद्यालयमा बालमैत्री वातावरण, सुशासनका लागि बाल क्लबको सहभागिता अनिवार्य भएको छ ।

बाल क्लबको अनुगमन प्रधानाध्यापक, संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, स्रोतव्यक्ति, तालिम केन्द्रका प्रशिक्षक, विद्यालय निरीक्षक आदिले अनुगमन तथा निरीक्षण गर्छन् ।

## ५.२ सुझाव

विद्यालयमा बाल क्लबको सहभागिता शीर्षकअन्तर्गतको यो अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा नीति निर्माण तह शिक्षा मन्त्रालय, कार्यान्वयन तह विद्यालय र अनुसन्धान तह भावी अनुसन्धानका लागि मातहतका निकायलाई निम्न सुझाव दिइएको छ।

### ५.२.१ नीतिगत तह

विद्यालयमा बाल क्लबको सहभागिता शीर्षकअन्तर्गतको यो अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा नीति निर्माण तह शिक्षा मन्त्रालय र मातहतका निकायलाई निम्न सुझाव दिइएको छ ।

जिल्ला बाल कल्याण समितिमा बाल क्लब आबद्ध हुनुपर्ने भए पनि अध्ययनका लागि छनोट भएका विद्यालयमध्ये एउटा विद्यालय मात्र आबद्ध भएको पाइएकाले बाल क्लबको वैधानिता प्राप्ति गर्न जिल्ला बाल कल्याण समितिमा तुरुन्त आबद्ध लिन जिल्ला शिक्षा कार्यालयले विद्यालयहरूलाई परिपत्र गर्नुपर्छ ।

राज्यको नीतिअनुसार स्थानीय निकायले बजेट तर्जुमा गर्दा १० प्रतिशत रकम बाल बालिका विनियोजित रकम खोजी गरी बाल क्लब उन्नयनमा खर्च गरे नगरेको कुरा जिल्ला शिक्षा कार्यालयले अनुगमन गर्नुपर्छ ।

शीर्षकमा विनियोजन गरे पनि विद्यालयमा उक्त रकम नआउने हुँदा हरेक विद्यालयले बाल क्लबले लगानी गरेर उत्कृष्ट बनाएका विद्यार्थीहरूले घरको आर्थिक समस्याका कारण बिचैमा पढाइ छोड्ने गरेकाले त्यस्ता विद्यार्थीहरूलाई सहयोग गरी पढाइलाई निरन्तरता

दिने व्यवस्था मिलाउन बाल क्लब, विद्यालय व्यवस्थापन समिति, बाल क्लबलाई सहयोगगर्ने दातृ संस्था तथा साझेदार संस्थाहरूले सहयोग गर्नुपर्ने देखिन्छ ।

बाल क्लब सञ्चालनको मुख्य आधार आर्थिक पक्ष भएकाले बाल क्लबका लागि प्रति विद्यार्थी सदस्यता शुल्क हटाई आर्थिक व्यवस्थापनका लागि नेपाल सरकारमार्फत बजेट विनियोजन गर्नुपर्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयको योजना निर्माण र सामाजिक परीक्षणमा बाल क्लबलाई सहभागी गराइए पनि काम कारबाही र वस्तुगत मूल्याङ्कनमा ठोस भूमिका नदिइएकाले उनीहरूलाई निर्णयात्मक भूमिका दिनुपर्ने देखिन्छ ।

बाल क्लबको आर्थिक व्यवस्थापन स्वायत्त भए पनि बैङ्किङ प्रणाली प्रयोग नगरिएकाले आर्थिक व्यवस्थापनलाई वैज्ञानिक र पारदर्शी बनाउन बैङ्किङ प्रणाली बनाउनु पर्ने देखिन्छ। बाल क्लबको नाममा बैङ्क खाता खोली आर्थिक कारोबार गर्न विद्यालय र समुदायले पहल गर्नुपर्छ ।

बाल क्लबको आर्थिक पक्षको अभिलेखीकरणलाई व्यवस्थित बनाउन आधुनिक लेखा प्रणाली सुरु गर्नुपर्छ ।

बाल क्लबमा ब्राह्मण/छेत्री समुदायका छात्रछात्राको सहभागिता अत्यधिक भए पनि दलित र सीमान्तकृत समुदायका छात्रछात्राको सहभागिता अत्यन्त न्यून देखिन्छ । जसले गर्दा बाल क्लब समावेशी हुन सकेको छैन । वर्तमान समाजको आवश्यकता समावेशीकरण भएकाले बाल क्लबलाई समावेशी बनाउन आदिवासी/जनजाति, दलित तथा सीमान्तकृत समुदायका विद्यार्थीको सहभागिता बढाउन विद्यालय र समुदायले भूमिका खेल्नुपर्छ ।

बाल क्लबमा निम्न माध्यमिक तहमा अध्ययनरत उमेर समूहका बाल बालिकाको अत्यधिक उपस्थिति देखिएको छ । माध्यमिक तहमा अध्ययनरत बाल बालिकाको उपस्थिति घट्दो देखिन्छ । बाल क्लबमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनरत बाल बालिकाको साझा संस्था भएकाले माध्यमिक तहमा अध्ययनरत बाल बालिकाको सहभागिता बढाउन विद्यालय प्रशासनले योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्छ ।

बालमैत्री वातावरण निर्माण र विद्यालय सुशासनका लागि बाल क्लब गठन गरिए पनि विद्यालयमा सुशासन पक्ष कमजोर रहेकाले बाल क्लबलाई सक्रिय बनाउने तथा विद्यालय प्रशासनले बाल क्लबका सुझावहरू तत्काल कार्यान्वयन गर्नुपछ ।

बाल क्लबबाट विभिन्न तालिम, गोष्ठी, सेमिनार, अध्ययन भ्रमणबाट प्राप्त अनुभव र उपलब्धि व्यवहारमा कार्यान्वयन गराउनु पर्छ ।

अभिभावकहरूले आफ्ना नानीहरूलाई बाल क्लबको सदस्यताका लागि शुल्क तिर्ने गरेका छन् तर उक्त रकमको हिसाब अभिभावकहरूलाई सुनाउने गरेको पाइँदैन । त्यसैले विद्यालयको अभिभावक भेलामा बाल क्लबको हिसाब सार्वजनिक गर्नुपछ ।

बाल क्लबले आफ्नै खर्चमा निर्माण गरेका भौतिक संरचना, सञ्चालन गरेको पुस्तकालय, खरिद गरिएका मेसिन, खेलकुदका तथा वाद्य वादनका सामग्री संरक्षण र संवर्धन गर्न विद्यालय प्रशासनले दीर्घ कालीन योजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

बाल क्लब सञ्चालनका लागि विद्यालयमा छुट्टै कोठा उपलब्ध हुन नसक्दा बाल क्लबको बैठक सञ्चालनमा समस्या छ । पुस्तकालय, खेलकुदका सामग्री, अभिलेख तथा निरीक्षण पुस्तिका, वाद्य वादन आदि सुरक्षित राख्न समस्या हुने भएकाले बाल क्लबका लागि विद्यालयले छुट्टै कोठा उपलब्ध गराउनु पर्छ ।

बाल क्लब प्रभावकारी रूपमा सञ्चालन गर्ने दायित्व संरक्षक शिक्षकमा हुन्छ । संरक्षक शिक्षक विद्यालयकै शिक्षकमध्ये हुन्छन् । संरक्षक शिक्षकले बाल क्लबको नेतृत्वसँग अन्य शिक्षकको जति नै शिक्षण कार्यभार सम्पन्न गर्नुपर्ने भएकाले उनको कार्यबोझ कम गरी क्लब सञ्चालनमा बढी समय दिने व्यवस्था मिलाउनु पर्छ ।

### ५.२.३ अनुसन्धान तह

विद्यालयमा बाल क्लबको सहभागिता शीर्षकको यो अनुसन्धानबाट भावी अनुसन्धानका लागि अनुसन्धानकर्ताहरूले विभिन्न सम्भावित शीर्षकहरूमा अनुसन्धान गर्नुपर्ने देखिन्छ । ती मध्ये बाल क्लबले विद्यालय सुशासनमा खेलेको भूमिकाको अध्ययन, बाल क्लब गठन भएका र गठन नभएका विद्यालयहरूको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन, विद्यालयको अतिरिक्त क्रियाकलापमा बाल क्लबले खेलेको भूमिकाको अध्ययन,

विद्यार्थीहरूको नेतृत्व विकासमा बाल क्लबको भूमिका, निजी विद्यालयका बाल क्लब र सामुदायिक विद्यालयका बाल क्लबको तुलनात्मक अध्ययन, बाल क्लबका पदाधिकारीहरूको शैक्षिक उपलब्धिको अध्ययन, विद्यालयमा आधारित बाल क्लब सञ्चालनका अवसर र चुनौती, विद्यालयमा आधारित बाल क्लब र समुदायमा आधारित बाल क्लबको तुलनात्मक अध्ययन, दातृ संस्थाहरूले बाल क्लबमार्फत गरेका कार्यहरूको प्रभावकारिताको अध्ययन आदि शीर्षकहरूमा थप अध्ययन गर्न सिफारिस गरिन्छ ।